वर्ष : १८, अंक : २१, काठमाडौं, २०७९ भाद्र २४ गते शुक्रबार, 9 September 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## गठबन्धनबाट जसपा बाहिरिने



वीरगन्ज । जनता समाजवादी पार्टी (जसपा) गठबन्धनबाट बाहिरिने अवस्था बन्दै गएको छ । जसपाका अध्यक्ष उपेन्द्र यादवले गठबन्धनमा उपेक्षा गरिए बाहिरिन सक्ने बताएका छन् । उनले जसपा एक्लै चुनाव लड्न तयाररहेको समेत बताएका हुन् । वीरगन्जमा बुधबार सम्पन्न जसपाको अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै अध्यक्ष यादवले हैसियत अनुसार सिट बाँडफाँड नगरिए एक्लै चुनावमा जानु पर्ने हुँदा त्यसको तयारीमा लाग्न नेता कार्यकर्तालाई निर्देशन पनि दिएका थिए । मधेश प्रदेशका ३२ मध्ये कम्तीमा आधा सीट नपाए जसपा बाहिरिने तयारी गरेको छ ।

अध्यक्ष यादवले कार्यदलमा रहेका सदस्यहरूमार्फत गठबन्धनका शीर्ष नेतृत्वलाई समग्र तराईमा २० सीट र पहाड तथा सहरमा समेत गरी २५ सीटको माग गरेका छन् । गठबन्धनले जसपालाई २५ सिट दिनसक्ने

*बाँकी अन्तिम पृष्ठमा*

## अमरेश परेनन् सिफारिसमा



काठमाडौं । नेपाली कांग्रेसका महामन्त्री गगन थापाको सर्लाही ४ बाट प्रतिनिधिसभा सदस्यमा प्रत्यक्षतर्फ एकल नाम सिफारिस भएको छ ।

सर्लाही ४ प्रदेश (क) र (ख) क्षेत्रले आइतबार संघीय सांसदका लागि नेता थापाको एकल नाम सिफारिस गरेको हो । सोही सिफारिसलाई सोमबार कांग्रेस सर्लाही ४ क्षेत्रीय कार्यसमितिले अनुमोदन गरेर प्रदेश कार्यसमितिलाई पठाएको कांग्रेस सर्लाहीको सभापति सुरेन्द्रकुमार सिंहले जानकारी दिए । आइतबार कांग्रेस सर्लाही ४ प्रदेश (क) र (ख) क्षेत्रीय समितिले महामन्त्री गगन थापालाई संघीय सांसदको उम्मेदवार सिफारिस गरेको थियो । सोही नामलाई सोमबार ४ नम्बर क्षेत्रीय कार्यसमितिले सर्वसम्मत सिफारिस गरी

*बाँकी अन्तिम पृष्ठमा*

# देशको नागरिक र अस्तित्वसँग राजनीतिक दलको खेलाँची

## विधेयकमा दस्तखत कि त धावन मार्गको कसरत । नागरिकताका लागि सङ्घर्ष गर्नेहरूको सङ्घर्ष काठमाडौंको सत्ताले सुनेको देखिएन ।

**मधेशवाणी डेस्क**

काठमाडौं । दक्षिण एसियाली क्षेत्रका देशहरूमै अहिलेको राजनीति मैदानका खेलाडीहरूको चरित्र चित्रण यो थेगोले गर्छ । हुनत धेरथोर कमबेस यो थेगो संसदीय लोकतान्त्रिक नामका लोकतन्त्र भएका विश्वकै देशहरूको राजनीति वृतका लागि यो सही हुन सक्छ । राजनीतिक पार्टीका नेताहरूले यतिफेर बोली फेर्छन् कि सुन्नेलाई थाहै हुन छोडिसकेको छ कुन कुरो सही छ कुन कुरो गलत ? तर राजनीतिक केही विषयहरू गम्भीर प्रकृतिका हुन्छ । यस्ता विषयको राजनीतिले बोली फेरिरहँदा त्यसको परिणाम गम्भीर हुन सक्छ । त्यस्तै प्रकृतिको विषय अहिले नागरिकता विधेयक बनेर आएको छ । राजनीतिक दलका आपसी तानातानले संविधान अनुसार योग्य जन्मसिद्ध नागरिकका सन्तानहरूले पाउन वञ्चितहरूको संख्या मात्र ५ लाख बढी भएको अनुमान छ । विदेशी बुहारीले कहिले नागरिकता दिने विवादले पाउनेहरू कहिले नागरिकता पाउने सुनिश्चित हुन सकिरहेको छैन् । यस विषयमा एमाले पार्टी नाङ्गिएको छ र अब राष्ट्रपति कार्यालय थप नाङ्गिन बाँकी छ ।

हुनत नेपालका अन्धराष्ट्रवादी र उग्रकम्युनिस्ट पार्टीहरू नागरिकताका सवाल अति अनुदार व्यवहार गरेको देखिएको छ । त्यसमा पनि भारतसँगको सम्बन्धलाई लिएर ती अन्धराष्ट्रवादी र उग्र कम्युनिस्टलाई नेपाली कांग्रेसका संस्थापक नेता बीपी कोइरालाई कोशी बेचुवा, देशघाती सम्मका आरोप लगाएर गाली गरेका पम्पलेट कसैले जम्मा गरेको भए कम्तीमा बोरा भरी भएको हुनुपर्छ । पञ्चायती व्यवस्थाको पतन नभएसम्म र प्रजातन्त्रको पुनर्बहालीको अवधिमा बीपी र भारतलाई गाली गर्नु बाहेक अन्य कुनै राजनीति नै देखिन्थ्यो । प्रजातन्त्रको पुनर्बहाली भएपछि त्यसैले होला एक सार्वजनिक आमसभामा गिरिजाप्रसाद कोइरालाले माले मसाले मण्डले एकै हुन भनिए दिएपछि उनीहरूलाई खुर्सानी पिरो भएँ झैं



लागेको थियो । तर माले पछि एमाले र मण्डले राप्रपा बनेपछि कांग्रेससँगै सहकार्य गरेर पटक पटक सरकार बनाएको र अहिलेसम्म तिनकै विरासत बोकी सरकारमा सहभागी परिदृश्य हेर्ने नेपालीहरूको पुस्ता अहिले जिउँदै छ । त्यसैले होला राजनीतिमा कोही स्थायी शत्रु र स्थायी मित्र हुँदैन भनिन्छ । युएनपार्क चौतारीमा नागरिकता विधेयकमाथि विशेष चर्चा परिचर्चामा सहभागी हुन आएका नवआगन्तुकले भने "त्यसैले राजनीतिमा सबै नङ्गा अनि प्रेम चोपडाको थेगो नङ्गा नहाएगा क्या ? नङ्गा निचोडेगा क्या ?"

त्यो भनेको इज्जत नभएको व्यक्ति हो । इज्जत केही बाँकी भए पो त्यो सुरक्षित गर्ने डर हुन्छ । अनि भएन त राजनीतिमा कोही स्थायी मित्र कोही स्थायी शत्रु ।"

एमालेका अध्यक्ष प्रधानमन्त्री भएका बेला जनता समाजवादी पार्टीका केही सांसदहरूलाई सामेल गरी सरकार बनाइ नागरिकता विधेयकमा हाल परेका विषयलाई नै समावेश गराइ अध्यादेश राष्ट्रपतिकोमा जाँदा संसद ब्युँत्याएर विधेयकमा सहमति लिएर आउन सल्लाह दिनसम्मको विवेक प्रयोग नगर्ने राष्ट्रपति कार्यालयले सो अध्यादेश अनुरूपको विधेयक दुवै सदनबाट पारित भइ जाँदा संविधानले पाएको अधिकार प्रयोग गरी फिर्ता पठाउने विवेक आउने स्रोत के थियो त्यो जनतालाई जान्ने अधिकार छ कि छैन् ? ती आगन्तुकले बोलिरहेको थियो ।

नागरिकता विधेयक फिर्ता पठाइएको विषयलाई प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले राष्ट्रपति कार्यालयको यो कदमलाई राजनीतिक अभिप्रेरित भनेर सरकारले त्यसलाई हुबहु पारित गरी पठाएको छ ।

राष्ट्रपति कार्यालयले विधेयकलाई फिर्ता पठाउने कदमको स्वागत गर्ने एमालेले अध्यादेशको विषयमा एकथरी बोल्ने र फिर्ता पठाएकोमा अर्को थरी बोल्ने भन्ने कुरोले एमाले नाङ्गिएको छ । यताको छोप्दा उता देखिने अवस्थामा पुगेको छ एमाले ।

यो देशको नागरिक र अस्तित्वसँग जोडेको विषयमा राजनीतिक दल यसरी खेलाँची गर्न हुँदैन । पहिलेको संसद होइन् कारबाही देशले हेर्छ । सञ्चार माध्यममा फुटेज सुरक्षित हुन्छन् । त्यसको सार्वजनिक जवाफदेहिता हुन्छ ।

तर एमाले नाङ्गिएको छ । अब अन्यदल नाङ्गिन बाँकी छ । तर अन्य दल यो विषयमा सर्वाङ हुने अवस्था भने छैन ।

युएन पार्क चौतारीका एक सदस्यले ती आगन्तुकलाई सोधे त्यसो भए यो विधेयकको पन्ध्र दिने भविष्य के के हेर्नु हुन्छ ?

नागरिकता विधेयकको सन्दर्भमा सत्तापक्ष र प्रतिपक्षको चोचोमोचो मिलेको जस्तो देखिन्छ । प्रचण्डले बोल्यो कि पोल्यो भन्ने परेको छ जनतामा । जापान भ्रमणपछि फर्केर नागरिकता विधेयकमा भइरहेको ढिलाइका बारेमा प्रचण्डले चिन्ता जाहेर गरेका थिए । राष्ट्रपति कार्यालयको सल्लाहमा राष्ट्रपति विद्याभण्डारीले एमालेको नेताहरूको सल्लाहमा प्रमाणीकरण नगरी नागरिकता विधेयक फिर्ता पठाइन् ।

राष्ट्रपति कार्यालयले विधेयक फिर्ता पठाउने अधिकारको टेको लिएर सो विधेयक फिर्ता पठाएको जनाउ दियो ।

विधेयक फिर्ता आएसरी नै हुबहु पारित गरी पठाइएको छ । उनीहरूलाई अब मंसिर ४को निर्वाचनमा मतदाता हुन योग्यलाई मतदान गराउने एमालेको हित सुरक्षा गर्ने काम भएको छ । सत्तापक्षका लागि पनि यसरी नागरिकता पाउनेहरूको उपयोगिता यो निर्वाचनमा सकिएको जस्तो छ । ऐन जारी भए उनीहरूले नागरिकता पाउन सक्ने भएपनि सत्तापक्षीय राजनीतिक दललाई प्रत्यक्ष लाभ नहुने देखिएको छ ।अर्कोतर्फ राष्ट्रपति विद्यादेवी भण्डारीलाई पनि राष्ट्रपति बन्ने लालसा पूरा भएको छ । यसले पुगेन प्रधानमन्त्री बनेर कार्यकारी अधिकारको लालसा बलियो भयो भने विधेयकको भविष्य अरूथोक हुन सक्छ ? उनले भने" अन्य देशमा पनि राष्ट्रपति प्रधानमन्त्री बनेको प्रधानमन्त्री राष्ट्रपति बनेको र एक अर्काको मातहत रहने काम राजनीतिमा भइआएको विषय हो । त्यसैले त भनिएको नङ्गा नहाएगा क्या ? निचोडेगा क्या ? भनिएको हो ।"

यस्तोमा राष्ट्रपतिमा प्रधानमन्त्री बन्ने रहर बलियो भयो भने एमालेको नेतृत्व कब्जा गर्नुपर्ने हुन्छ । एमालेमा उनलाई टक्कर दिनेहरू पहिले नै पाखा लागि सकेको छ । एमालेले निर्वाचनबाट गठबन्धन बनाएर वा खरिद बिक्री गरेर सरकार बनाउन सक्ने अवस्था आए त्यतिखेरको प्रधानमन्त्री बन्ने सपनामा रमाइरहेकी राष्ट्रपति विद्यादेवी भण्डारीले कि मौन बस्ने छिन् कि त राजीनामा दिने छिन् । राजीनामा दिएर राजनीतिमा आउन सक्ने आधार उनका पतिले उहिले बनाइ दिएका छन् । एमालेका पूर्व

*बाँकी अन्तिम पृष्ठमा*

## भारतका स्थल सेनाध्यक्ष स्वदेश फिर्ता



काठमाडौं । मित्रराष्ट्र भारतका स्थल सेनाध्यक्ष जनरल मनोज पाण्डे नेपालको पाँच दिने औपचारिक भ्रमण सम्पन्न गरी बिहीबार स्वदेश फिर्ता भएका छन् । उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बलाधिकृत रथी बालकृष्ण कार्कीले बिदाइ गरेका हुन् । प्रधानसेनापति प्रभुराम शर्माको निमन्त्रणामा आएका पाण्डेले भ्रमणका क्रममा नेपाल र भारतका सेनाध्यक्षहरूलाई एक अर्का देशको मानार्थ महारथीको दर्जाबाट सुशोभित गर्ने विशिष्टीकृत एवं ऐतिहासिक परम्पराको निरन्तरता स्वरूप सोमबार राष्ट्रपति भवन शीतल निवासमा आयोजित समारोहमा राष्ट्रपति विद्यादेवी भण्डारीले भारतीय सेनाध्यक्ष पाण्डेलाई नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्रदान गरेका थिए । भ्रमणकै दौरान जङ्गी अड्डामा प्रधानसेनापति शर्मा र भारतीय स्थल सेनाध्यक्ष पाण्डेबीच औपचारिक भेटवार्ता भएको थियो । उक्त भेटवार्ताका क्रममा दुई देशको आपसी सुरक्षा चासोका विषयमा छलफल भएको थियो । भारतीय स्थल सेनाध्यक्ष पाण्डेले भ्रमणका क्रममा मङ्गलबार रक्षा मन्त्रीको समेत कार्यभार सम्हालेका प्रधानमन्त्री शेरबहादुर देउवासँग शिष्टाचार भेट गरेका थिए । उनले शिवपुरीस्थित सैनिक कमाण्ड तथा स्टाफ कलेज र पोखरास्थित नेपाली सेनाको मध्य कमाण्ड हेडक्वार्टरको समेत भ्रमण गरेका थिए । उनले भारतबाट सहुलियत रूपमा आएको रु २२ करोड ३८ लाख बराबरको सैन्य सामग्रीसमेत हस्तान्तरण गरेका थिए । उनको भ्रमणले दुई देशबीच रहँदै आएको सौहार्दपूर्ण सैनिक सम्बन्धलाई अझ सुमधुर एवं प्रगाढ पार्न थप मद्दत पुग्ने विश्वास लिएको नेपाली सेनाले जनाएको छ ।

## 'संगठित भएर दलितले संघर्ष बढाउन आवश्यक'

सप्तरी । राष्ट्रिय दलित आयोगका अध्यक्ष डा. देवराज विश्वकर्माले दलितले आफ्नो अधिकार पहिचानका लागि संगठित भएर सघर्ष अगाडि बढाउन जरुरी रहेको बताएका छन् ।

मधेश प्रदेशस्तरीय दलित सम्मेलनको तेस्रो दिन आईतबार अध्यक्ष विश्वकर्माले उक्त कुरा भन्दै आयोगले बहिष्करण छुवाछुत र अपहेलितलाई मापडण्ड बनाएर आयोग अध्ययनगरी अनुसूचिलाई अगाडि बढाइरहेको बताए ।

'विगतमा छुवाछुत विभेद खेपेका छन भने ति जाति अबको दलित सुचिमा पर्छ । यदि विगतमा छुवाछुत खेपेको छैन भने दलित सुचिकृतमा पर्दैन । यसमा आयोग प्रष्ट भएर कार्य गरीरहेको छ । ' आयोग अध्यक्ष बिश्वकर्माले भने,'नेपालका अर्थविदहरुले उत्पीडन, छुवाछुत, जातियविभेद र महिला हिंसा लगायतका घटनाले गर्दा प्रत्येक वर्ष जिडिपीको २५ प्रतिशत आर्थिक नोक्सानी बेहोरिरहेको छ ।'उनले भने,' मधेशी दलित सवभन्दा बढी पींधमा छन यसको कारण शासक प्रसासकले काठमाण्डौका आँखाबाट देखिने नजरीया हो । किन भने काठमाण्डौमा उच्च स्तरको जुन शिक्षा छ आर्थिक सवलता छ । त्यहि अवस्था मधेशमा पनि छन भने बुझाई छ । जसको एउटा प्रमुख रुप नागरिकतालाई लिन सकिन्छ ।'

सवभन्दा पहिलो नागरिकताबाट बञ्चीत मधेशका दलित छन । मधेशी दलित मध्ये मुसहर, खत्वे, डोम लागयतका जातीको ७५ प्रतिशत बालबालिका जनमदर्ता बाट बञ्चीत रहेको बताए । कर्मचारीको मनो विज्ञानले गर्दा जनम दर्तालाई पहिलो अधार मान्दा यी समुदाय नागरिकताबाट बञ्चीत हुने प्रमुख अधार रहेको अध्यक्ष बिश्वकर्माले बताए । उनले भने,' यसबाट प्रष्ट हुनछ, पूर्वाग्रहको आधारमा नागरिकता वितरण गर्दा सवभन्दा बढी नागरिकताबाट बञ्चित दलित भएका छन । आयोगले नागरिकताबाट बञ्चित विषयमा समाधानको लागि प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरिरहेको छ ।' कार्यक्रममा राष्ट्रिय मधेशी आयोगका अध्यक्ष डा. विजय कुमार दत्तले मधेश प्रदेशमा दलित माथि भएको घटनाहरुमा

*बाँकी अन्तिम पृष्ठमा*

## 'राष्ट्रपतिले नागरिकता विधेयक प्रमाणीकरण गर्नुको विकल्प छैन'

काठमाडौं । नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक दोस्रो पटक पनि सङ्घीय संसद्बाट हुबहु पारित भएपछि अब के हुन्छ भन्ने चासो बढेको छ । यही भदौ २ गते प्रधितिनिधिसभा र १७ गते राष्ट्रियसभाबाट नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ हुबहु पारित भएको हो । नेपालको संविधानमा भएको व्यवस्था अनुसार राष्ट्रपति विद्यादेवी भण्डारीले पुन: विचारका लागि पठाएको उक्त विधेयक दुवै सदनले पुन: हुबहु पारित गरेपछि अब के हुन्छ भन्ने प्रश्न उठ्नु स्वाभाविकै हो ।

संविधानविद् डा विपीन अधिकारीका अनुसार पुन: विचारका लागि पठाएको विधेयक दुवै सदनबाट पारित भएर सभामुखले प्रमाणित गरेर पठाइसकेको विधेयकलाई राष्ट्रपतिले प्रमाणीकरण गर्नुपर्ने हुन्छ । "एकपटक पुन: विचारका लागि पठाउने राष्ट्रपतिको संवैधानिक अधिकार हो" उनले भने,



"अब प्रमाणीकरणका लागि पठाएपछि १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने हुन्छ ।"

यसअघि उक्त विधेयक प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित गरी गत साउन १६ गते प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाइएको थियो । राष्ट्रपतिले नेपालको संविधानबमोजिम सङ्घीय संसद्बाट पुन:विचार हुन आवश्यक देखिएको उल्लेख गर्दै आठ बुँदासहित गत साउन २९ गते संसद्मा फिर्ता पठाउनुभएको थियो । दुवै सदनले पुन: विचार गरी फेरि प्रमाणीकरणका लागि पठाउने तयारी भइरहेको छ । वरिष्ठ अधिवक्ता डा चन्द्रकान्त ज्ञवालीका अनुसार संविधानले सन्देशसहित पुन: विचार गर्न सदनलाई पठाउने अधिकार छ । त्यो संवैधानिक व्यवस्था हो ।"अन्य मुलुकमा जस्तै भारतमा पनि राष्ट्रपतिले विधेयक फिर्ता पठाएपछि सार्वजनिक सुनुवाइ नै गरेर पनि संशोधन गर्ने व्यवस्था छ"- संविधानविद्समेत रहनुभएका ज्ञवालीले थपे,"राष्ट्रपतिले प्रमाणीकरण नगरिकन राख्ने व्यवस्थालाई पकेट भिटो भनिन्छ, त्यो व्यवस्था अमेरिकमा छ, तर नेपाल त्यो व्यवस्था छैन ।" उनका अनुसार नेपालको संविधानले पकेट भिटोसम्बन्धी परिकल्पना नै गरेको छैन । राष्ट्रपतिले जस्ताको तस्तै प्रमाणीकरण गर्नुपर्ने संवैधानिक व्यवस्था छ । न्यायिक पुनरावलोकनको अवस्था आयो भने त्यसको दोष सरकार र संसद्ले लिनुपर्ने हुन्छ ।

उक्त विधेयक दुवै सदनबाट दोस्रो पटक पारित भइसकेको छ । तर सभामुखले प्रमाणित गरेर राष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि पठाउन बाँकी छ । संविधानविद् डा भीमार्जुन आचार्यका अनुसार राष्ट्रपतिले पुन: विचार गर्न पठाएपछि केही संशोधन गर्नुपर्ने थियो । "कानुनमा फिर्ता पठाउने सम्भवना छैन, पुन:विचार गर्न पठाउँदा हुबहु जस्ताको तस्तै पठाएर संसदीय अभ्यासभन्दा थेरै अमर्यादित काम संसद्ले गरेको हो"-उनले

*बाँकी अन्तिम पृष्ठमा*

## ऊर्जावान मधेश !

हरेक परिवर्तनको एउटा समय आउछ त्यस्तै राजनीतिक परिवर्तन चुनावबाट हुन्छ । हरेक पाँच पाँच बर्षमा हुने निर्वाचनको मुख्य उदेश्य परिवर्तन नै हो ।

पहिलाको चुनाव भन्दा २०७९ मंसिर -४ गतेको चुनाव निकै फरक हुने अनुमान मैले गरेको छु । यो चुनावमा देश भरी बाट करिब ६-७ जना आर्थशास्त्री सदनमा आउँदैछन्, ५-६ जना समाजशास्त्री पनि आउने अनुमान गरेको छु, २-३ जना वैज्ञानिक पनि सदनमा आउने जस्तै देखिदैछु, ५-७ जना समाज सुधारक पनि सदनमा आउने देखिदैछु, ४-५ जना मानवअधिकारकर्मी/नागरिक समाजका अगुवा सदनमा पुग्दैछन त्यस्तै इन्जिनियर, डाक्टर, वकिल, पत्रकार, कलाकारहरु पनि यसपालि सदनमा निकै संख्यामा पुग्ने देखिदैछु । यसपालि नेताका झोले, ठेकेदार, दलाल, बिचौलिया, एजेन्ट, तस्कर, अनपढ, गुण्डा हरु बहुत नगन्य संख्यामा चुनाव जितेर सदनमा पुग्ने देखिदैछु । त्यसैले मंसिर -४ पछिको संसद रियली नेपालको इतिहासमा निकै सबल र सक्षम हुने छाटकाट देखिदैछु ।

यसपालि मधेशबाट संघीय सांसदमा त्यस्तै मानिसलाई मधेशका जनताले छनोट गरोस् जो मधेशमा समाजिक न्याय प्रदान गर्न सकोस्, समाजमा समानता क्याम गर्न सकोस्, रोजगारी सृजना गर्न सकोस्, भ्रष्टाचार न्यूनीकरण गर्न सकोस्, देश बिदेशमा मधेशको सम्बन्ध सबल र मजबुत बनाउन सकोस् ।

अहिलेसम्म यस्तो खालको मानिस मधेशका जिल्लाबाट कुनै पनि राजनीतिक दलहरुबाट संघीय सांसद चुनावका लागि सिफारिस भएको बहुत कमै देखिन्छ २-४ जना बाहेक ।

अहिले मधेशका २२ वटा जिल्लामा तत्काल १४-१५ करोड रुख बिरुवा रोप्नु पर्ने हुन्छ किनभने जलबायु परिवर्तनको ठूलो मारमा मधेश पर्न थालेछ ।

अहिले मधेशमा ४५-४५ लाख यूवा बेरोजगार छ तिनीहरूको रोजगारीका लागि १० लाख क‍ःभ शुरुआत गर्नुपर्ने हुन्छ । एउटा निर्वाचन क्षेत्रमा २५ हजार यूवालाई तत्काल रोजगारी दिनुपर्ने हुन्छ त्यो तागत भएको मानिस अहिले सदनमा जानुपर्ने हुन्छ नत्र फेरि ५ बर्ष बेरोजगारीको मार सहनुपर्ने हुन्छ ५ बर्षको बेरोजगारीले उसको जीवन त बर्बाद हुन्छ हुन्छ मधेश पनि पछि पर्छ ।

अहिले मधेशमा समाजिक न्याय को अवस्था एकदम कमजोर छन्, गरिब र कमजोर तब्काका मानिस अन्याय र अत्याचारको दिनहु सिकार भैरहेका छन् ।

अहिले मधेशमा भ्रष्टाचार हरेक राजनीतिक गर्नेहरूको डीएनएमै भैसकेको छ । जहाँको समाजमा भ्रष्टाचारी, हत्यारा, बलात्कारी नेता हुन्छ त्यो समाज कहिले सम्मानित समाजको रूपमा अगाडि बढन सकिदैन । यो बिकराल समस्या बाट कुनै चानचुन मानिसले मधेशलाई मुक्ति दिलाउन सकिदैन यसका लागि विशेष योग्यता र क्षमता भएकै मानिस लाई चुनावमा छनोट गरेर सदनमा पठाउनुपर्ने हुन्छ ।

माथिका यी सम्पुर्ण समस्या लगायत अन्य थुप्रै समस्याहरु छन् जसको तत्काल समाधान खोज्नेपर्ने हुन्छ । यो सबै को बसको कुरा होइन त्यसैले जसले यी र यस्ता समस्या समाधान गर्न सक्छ त्यस्ता मानिसलाई मधेशबाट जिताएर सदनमा पठायो भने मधेशमा एक खालको नयाँ ऊर्जा सृजना हुन्छ ।



**गणेश कुमार मण्डल**

## सम्पादकीय

# उम्मेदवार सिफारिसको लहर, लाज छोप्ने पहल

राजनीतिक दलका शीर्ष नेताहरूको उम्मेदवार बन्ने सिफारिसको लहर चलेको छ । छापा र डिजिटल मिडियामा फलानो जिल्लाको फलानो निर्वाचन क्षेत्रबाट फलानो दलका नेतालाई उम्मेदवार बनाउने सिफारिस गरिएको समाचार पढ्न पाइन्छ । राजनीतिक दलले आफूलाई लोकतान्त्रिक विधि प्रक्रिया अवलम्बन गरेको दर्शाउन यस्तो सिफारिसको पाखण्ड गरिरहेका छन् । राजनीतिक दलले वडा एकाइदेखि प्रदेश हुँदै संघीय समितिमा सिफारिस गरी पठाएको दाबी गरिरहेका छन् । राजनीतिक दलका वडा एकाइदेखि प्रदेश हुँदै संघीय समितिमा अझ पूरा गरिने समितिहरू पूरा भएका छैनन् । लोकतान्त्रिक विधि अनुसार पार्टी संगठन सञ्चालन गरेको पारदर्शी संगठन बनाउने हो भने यी पार्टीले पहिले निर्देशिका सार्वजनिक गर्नुपर्ने छ । पार्टीको केन्द्रीय नेतृत्वको वा नेतृत्वमा रहेका समूहका इशारामा मातहतका कमिटीलाई यो वा त्यो निर्णय गराउने काम हुने गरेको छ ।

राजनीतिक दलका निर्णयलाई तिनै पार्टीका निकायमा कार्यान्वयन गराउन सहयोग नगर्ने पार्टी नेतृत्वलाई कारबाही नगर्ने परिपाटी जनताले देखिरहेकै छन् । यस्ता राजनीतिक नेतृत्व विरुद्ध कारबाही नभए वा कर्मकाण्डीय पानी छर्केर शुद्ध पार्ने काम राजनीतिक

> उनीहरूले चुनाव जित्ने लोभलाभको अवसरवादी राजनीतिलाई एक दुई चुनावका लागि हानि बेहोर्ने साहस गरे आदर्श स्थापित गराउन खोजे राजनीति र राजनीतिक व्यक्तित्व प्रतिको वितृष्णामा कमी आउने थियो । राजनीतिक दलले यसमा ख्याल गर्नु पर्छ ।

दलहरूबाट हुने गरेको समाचार पनि मिडियामा सार्वजनिक हुने गरेको छ । सबै राजनीतिक दलले आदर्श र निष्ठा तथा सिद्धान्तको कुरा गर्छन् । तर कारबाही गरिने विषयमा राजनीतिक दलहरू मौन बस्ने गर्छन् । जनकपुरधाम उपमहानगरपालिकाको प्रसङ्गबाट बुझौं । मेयरमा स्वतन्त्र मनोजकुमार साह जिते । मनोजकुमार साह निर्वाचन हुन अघिसम्म कांग्रेसका जिम्मेवार कार्यकर्ता थिए । कांग्रेसका वरिष्ठ नेताहरूको पंक्तिमा रहेका विमलेन्द्र निधिले उनलाई निर्वाचनमा सघाएर जिताए । निधिले पार्टीको निर्णयलाई अवज्ञा गरे । हिसाबले कारबाही हुनुपर्ने हो । तर भएको देखिएन् । निधिलाई कारबाही त भएन नै यो पाँच वर्ष नबित्दै मनोजकुमार साहको कर्मकाण्डीय पानी छर्को संस्कार विधिबाट उनको पार्टीमा भित्र्याउने काम हुनेछ । अनि पार्टी आदर्श र निष्ठामा कसरी चल्ने हुन्छ । जसरी पनि चुनाव जित्नु एक मात्र उद्देश्यलाई कार्यान्वयन गराउने बाटो अपनाउने दलहरूको चरित्र भएपछि आदर्श र निष्ठाको स्वाङ गलत हुन्छ ।

सिफारिसमा शीर्ष नेतृत्वको समाचार पछि अर्को कुरो राजनीति छ । ती शीर्ष नेताहरूले अन्य राजनीतिक दललाई यो क्षेत्रमा मेरो दाबी छ यहाँ वजनदार नेता नपठाउनु है भन्ने राजनीतिक पहल छ । समग्र पार्टीको संरचना विधिलाई लोकतान्त्रिक विधिमा नढालिकन् यसरी सिफारिसको नाटकले स्वाङ बाहेका केही जनाउँदैन् । राजनीतिक मूल्य, मान्यता र आदर्श धराशायी अवस्थामा पुगेकाले राजनीतिलाई प्रतिष्ठित तुल्याउने जिम्मेवारी यी राजनीतिक दलको जिम्मेवारी हो । उनीहरूले चुनाव जित्ने लोभलाभको अवसरवादी राजनीतिलाई एक दुई चुनावका लागि हानि बेहोर्ने साहस गरे आदर्श स्थापित गराउन खोजे राजनीति र राजनीतिक व्यक्तित्व प्रतिको वितृष्णामा कमी आउने थियो । राजनीतिक दलले यसमा ख्याल गर्नु पर्छ । चाहे पार्टी नेतृत्वका लागि वा सरकरको नेतृत्वका लागि गरिने राजनीतिक परिदृश्यको प्रतिष्ठा सूचक माथि उकास्ने काम आगामी निर्वाचन प्रक्रियामा राजनीतिक दलबाट होस भन्ने चाहना जनताको छ । निष्ठा र आदर्शमा आधारित राजनीतिक प्रतिष्ठालाई माथि उठाऔं । नभए उम्मेदवार सिफारिसको लहर लाज छोप्ने अर्थहीन पहलबाहेक केही हुने छैन् ।

# नैतिक दायित्व नबुझेको मानिस

**विचार-विश्लेषण** भाग-१४९



उपेन्द्र झा

> स्वार्थ लिप्सा यति बढेर गयो कि शासन प्रणाली नै भ्रष्ट भएर विकृत स्वरुपमा आयो । स्वार्थ लिप्साबाट अलग हटेर देश र जनताको पक्षमा चिन्तन गर्ने फुर्सत पनि रहेन । सरकार बनाउने, बिगार्ने, प्रधानमन्त्री बन्ने, मन्त्री बन्ने यस्तै खेलमा राजनीतिलाई सिमित राखी खेलाडीहरु खेल खेल्न रमाइरहेका छन् ।

समाज विकासको क्रमसंगै मानवाधिकारको आवश्यकतालाई आधुनिक समाजले सूक्ष्मतम अध्ययन गर्दै कानूनको हिस्सा बनायो । सामाजिक जीवनलाई नैतिकवान, अनुशासित, क्षमतावान तथा पारस्परिक सद्भावका साथ बाँच्ने गुणबाट व्यवस्थित गर्दै आधुनिक मानवले प्रगतिशील समाजको नेतृत्व गरि मानव सामाजिक प्राणी हो भन्ने मान्यता स्थापित गर्‍यो । समय अनुसार आधुनिक मानव समाजका नेतृत्वकर्ताहरुले मानवाधिकारको सूक्ष्मतम अध्ययन गर्दै आवश्यक अध्याय जोड्दै सामाजिक जीवनलाई आधुनिक मापदण्डमा ल्याई पुर्‍यायो । यसरी नै मानव समाजको क्रमिक विकास भई मानवको नैसर्गिक अधिकारको संरक्षण भएको हो ।

अग्रगमन बितेको समयभन्दा परिमार्जित, विकसित र बढि जबावदेहीको समय हुन्छ । अझ मानव जीवनलाई सरल र बेहतर बनाउने प्रविधीबाट लैस जनशक्तिले समाजलाई अग्रगति प्रदान गरेको हुन्छ । यसरी समाज, देश प्रगतिको बाटोमा लम्किदै जान्छ । प्रगतिको बाटोमा दैवी प्रकोपले बाधा पुर्‍याएन भने अग्रगमन निरन्तर गतिशील रहन्छ । मानव, परिवार, समाज र देश निर्धारित नियम कानूनको परिधीमा रहि विकास र समृद्धिको लागि निरन्तर परिश्रम गरि रहेको हुन्छ । समय, परिस्थिति र क्षमता अनुसार विकासको कार्य ढिलो, चाँडो भई रहन्छ ।

२००७ साल अघि विश्वले प्रजातन्त्रको सुख भोगि रहँदा हामी राणा शासनको क्रूर चाबुक खाँदै नारकीय जीवन बाँचि रहेका थियौं । विश्व परिवर्तनको परिवेशमा रहँदा नेपालमा पनि शनैः शनैः राजनीतिक चेतना जागेको थियो र हामी क्रूर शासनबाट मुक्त भयौं । समय, परिस्थिति र क्षमतामा परिवर्तन निर्भर रहेकोले नै संसारभरि विकासले समान अवसर लिन नसकेको हो । भारतपछि नेपालमा पनि लगत्तै परिवर्तन भयो । वैधानिक राजतन्त्रका साथ प्रजातान्त्रिक सरकारको गठन भयो । जेजति कारणले होस् प्रजातान्त्रिक सरकार नौ महिनामा ढलेर राजतन्त्र पुनः स्थापना भयो । योग्यता, क्षमताको अभावमा नेपालका पश्चगमन पनि ३० वर्ष भोग्नु पर्‍यो ।

सामन्तवादभन्दा समाजवाद बेहतर शासन प्रणाली हो र साम्यवाद त स्वर्ग नै हो भन्ने पाठ पढाउने नेपालका राजनेताहरु पनि ०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात् सत्ता चलाउने अवसर पाए । सरकार चलाउने भूमिका सन्तोषजनक हुन नसकेको अवस्थामा सिकारुहरुको नवीनतम अभ्यास हो भनेर जनताले दुई कार्यकालसम्म प्रतीक्षा गर्दा पनि जनतालाई डेलीभरी दिने सरकारको क्षमता नदेखिएको अवस्थामा राजनीतिक अराजकता हदैसम्म बढेर गयो । प्रजातात्रिक सरकार पनि जन उत्तरदायी हुन नसकेपछि परिस्थितिले पुनश्च राजतन्त्रलाई बोलायो । यसरी हामी फेरि पश्चगमनको ५ साल अन्ध्यारोमा भट्किन बाध्य भयौं ।

आफू तृप्त भएर जनतालाई तृप्त गर्ने राण्नीति लिएका लोकतान्त्रिक सरकारले दुई कार्यकालसम्म पनि अघाउन नसकेका कारण राजनीति अग्रगमनको दिशामा गतिशील हुन नसकेको हो । तर नेपाली राजनीतिबाट तिरस्कृत राजतन्त्रको अनावश्यक हस्तक्षेप पनि जनतालाई मान्य थिएन । फलतः राजतन्त्रलाई फाल्न र बाटो बिराएको लोकतान्त्रिक सरकारलाई लोकतन्त्रको मर्म अनुसार जन उत्तरदायी बन्न चेतावनी दिनका लागि ०६२/०६३ को भीषण जन आन्दोलन भयो ।

पश्चगमन जनतालाई कुनै हालतमा स्वीकार नरहेकोले राजतन्त्रलाई विस्थापित गरि जनउत्तरदायी लोकतान्त्रिक सरकार बनाउन र विगतको बानी न दोहोर्‍याउन जनताले पुनश्च यी शीर्ष दलहरुलाई नै जनादेश दिए । तर नैतिक ह्रास भई सकेका नेतृत्वकर्ता यी तीनै दलमा जनादेशको कदर गर्ने कुनै चरित्र नदेखिएकोले विगतभन्दा किञ्चित सुधार देखिएन । बरु आफ्नो विकल्प नरहेको दम्भ देखियो । संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा विगत १४ वर्षदेखि अझ विकृत रुप परिलक्षित भई रहेकोबाट जनता निराश भएका छन् । यिनको विकल्प अब के खोज्ने ?

स्वार्थ लिप्सा यति बढेर गयो कि शासन प्रणाली नै भ्रष्ट भएर विकृत स्वरुपमा आयो । स्वार्थ लिप्साबाट अलग हटेर देश र जनताको पक्षमा चिन्तन गर्ने फुर्सत पनि रहेन । सरकार बनाउने, बिगार्ने, प्रधानमन्त्री बन्ने, मन्त्री बन्ने यस्तै खेलमा राजनीतिलाई सिमित राखी खेलाडीहरु खेल खेल्न रमाई रहेका छन् । देशलाई भगवान भरोसे छोड्दा यहाँ आर्थिक अराजकता, सामाजिक अराजकता तथा राजनीतिक अराजकताले बलियो ठाउँ पायो । यी अराजकताहरु हरेक क्षेत्रको विकासमा बाधक हुन् र यसलाई हटाएर देशको समृद्धिबारे चिन्तन गर्ने नैतिक दायित्व रहेको राजनीतिकर्मीहरुले बुझेको छैन ।

जन्मदेखि नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टी वैचारिक मतभिन्नताका कारण एक नदीका दुई किनारा जस्तो कहिल्यै नमिल्ने अवस्थामा थियो । प्रजातन्त्र पुनर्स्थापना पश्चात् विस्तारै यिनमा सहकार्य हुन थालियो । दुवै संयुक्त शक्तिको रुपमा विकसित हुँदै जाँदा राजतन्त्र खुम्चिन पुग्यो । माओवादीको आगमनपछि यी तीनै शक्ति मिलेर राजतन्त्रलाई फाल्यो । तीनवटै शक्तिको पारस्परिक अभ्यासले यस्तो अन्तरघुलन गरायो कि तीन विचारको भिन्न पार्टी भएको महसूस नै हुँदैन । भागबण्डामा कुरा नमिलेपछि पारस्परिक झगडा देखिएपनि समान स्वार्थ पूर्तिमा तीनै शक्ति एक देखिएका छन् । पटक पटक राज्यसत्ता कब्जा गर्न आउने राजालाई तीनबटै शक्तिको संयुक्त प्रयासमा विस्थापित गरिएको यथार्थलाई यिनले मनन गरेका छन् । त्यसकारण पनि यिनको आपसी सम्बन्ध अत्यन्त प्रगाढ बनेको छ ।

आफ्नो विकल्प टाढासम्म जन्मिन नदिने भन्ने यिनीहरुका बीच भद्र सम्झौता छ । भागबण्डा बाँडफाँडमा सहमती छ । शासन सत्ता चलाउनमा सहमती छ । प्रतिपक्षमा बसेपनि अलग शक्तिको रुपमा गनिदैन । यिनको विचार, सिद्धान्त, राजनीति एक भएका छन् । यिनका गतिविधी नै विचार सिद्धान्तको रुपमा प्रतिपादित हुन्छ । यिनका बोली वचन नै देश र जनताको भाग्य निर्माण गर्ने आधार हुन्, महानवाणी हुन् ।

परस्पर मैत्री सम्बन्ध बनाएर बसेका यी तीनै शक्ति देश र जनताको विकासबारे सोच्दैनन् तर भागबण्डाका लागि कुकुरको लडाईलाई मात दिने यिनको झगडा हुन्छ । सत्ता गठबन्धन र एमाले बीच अहिले चलि रहेको शीतयुद्ध त्यसैका उदाहरण हुन् । यसलाई अहिले राष्ट्रवादी र राष्ट्रघातीको लडाई नाम दिईएको छ । गठबन्धनभित्र पनि सीट बाँडफाँडको रस्साकशीले निर्णय अन्योल बनेको छ । तर देशको उन्नती, प्रगतिबारे यिनको कुनै एजेण्डामा छलफल, बहस हुँदैन । देशको दुर्दशाबारे सोच्न यिनको आत्माले पनि नैतिक दबाव दिंदैन र यिनी निर्भिक राज्यसत्ताको दोहन र शोषणमा लिप्त देखिन्छन् ।

janukjha24@gmail.com

# कुर्थादेखि बिजलपुरासम्म रेल चलाउने तयारी

जनकपुरधाम । जयनगर-बर्दिवास रेलमार्गअन्तर्गत धनुषाको कुर्थादेखि महोत्तरीको बिजलपुरासम्म १७ किलोमिटर ब्रोडगेज रेलमार्ग निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

रेलमार्गको ट्र्याक निर्माणको मुख्य कार्य सम्पन्न भइसकेकाले आगामी बिहीबार रेल सञ्चालनको परीक्षण गर्ने नेपाल रेल्वे कम्पनीले तयारी गरेको छ । रेल्वे ट्र्याक निर्माणको मुख्य कार्य सम्पन्न भइसकेकाले पहिलो चरणमा कुर्थादेखि बिजलपुरासम्म रेल गुडाएर परीक्षण गर्ने तयारी भएको नेपाल रेल्वे कम्पनीका इञ्जिनियर रवीन्द्र साहले जानकारी दिए । सो ट्र्याकको मुख्य कार्य सम्पन्न भइसकेको र सामान्य काम मात्र बाँकी रहेकाले परीक्षण गर्न लागिएको इञ्जिनीयर साहले बताए । रेल सञ्चालनको परीक्षणपश्चात् प्राविधिकको सुझावका आधारमा जयनगरदेखि बिजलपुरासम्म नियमित रेलसेवा सञ्चालन गरिने उनको भनाइ छ ।

बिजलपुरादेखि बर्दिवाससम्मको १८ किमी रेलमार्ग निर्माणमा भने जग्गा मुआब्जा विवादले काम प्रभावित भएको छ । "जग्गा मुआब्जाको समस्यालगायतका कारण बिजलपुरा भङ्गहादेखि बर्दिवाससम्म रेलमार्ग निर्माणको काम प्रभावित भएको छ", नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले भने, "कतिपय ठाउँमा व्यावहारिक रूपमा सडक देखिएको छ, तर नक्सामा सडक छैन तैपनि स्थानीयले मुआब्जा मागिरहेका छन् ।"

उनका अनुसार सो क्षेत्रका कतिपय ठाउँमा ऐलानी जग्गामा दलित बस्ती रहेका र उनीहरूसँग जग्गा स्वामित्वको कुनै कागज नहुँदा पनि मुआब्जा मागेर विवाद गरिरहेका कारण रेल्वे ट्र्याक निर्माणको काममा समस्या भएको छ ।

आफूहरूले चाहेर पनि समस्या समाधान गर्न नसकिरहेको महाप्रबन्धक झाले बताए । उनले भने, "मुआब्जाको समस्या समाधान भएपछि दुई वर्षभित्र ब्रोडगेज रेलमार्ग निर्माण सकेर बर्दिवाससम्म रेल चल्न थाल्छ, मुख्यतः हामीलाई रेलमार्ग निर्माणका लागि अहिलेदेखि ठूलो समस्या यही नै हो ।"

रेल सञ्जाललाई नेपालमा विस्तार गर्नेबारे नेपाल सरकार र भारत सरकारबीच सन् २०१० मा द्विपक्षीय सम्झौता भएको थियो । सोहीअनुसार सन् २०११ महिनामा निर्माणको थालनी भएको थियो ।

ब्रोडगेज निर्माणको ठेक्का भारतीय ठेकेदार कम्पनी इरकन इन्टरनेसनल लिमिटेडले प्राप्त गरी कम्पनीको निगरानीमा धनुषा र महोत्तरीमा दुई वटा निर्माण कम्पनीलाई ठेक्का दिएर काम अघि बढाइएको नेपाल रेल्वे कम्पनिले जनाएको छ ।

महाप्रबन्धक झाका अनुसार नेपाललाई रेल सञ्जालमा जोड्ने सरकारको नीतिअनुरुप महोत्तरीको बर्दिबासदेखि बाराको निजगढसम्मको रेलमार्ग निर्माणका लागि माटो फिलिङको कार्य भइरहेको छ । यस्तै निजगढ-काठमाडौं रेलसेवा सञ्चालनका लागि रेलमार्गको डिपिआर तयारी भइरहेको महाप्रबन्धक झाले जानकारी दिए ।

केही दिनअघि प्रतिनिधिसभाअन्तर्गतको विकास समितिका सभापति कल्याणी खड्काको नेतृत्वमा समितिका सदस्यको टोलीले निर्माणाधीन सो रेलमार्गको निरीक्षण गरेको थियो । बर्दिबासदेखि भारतको जयनगरसम्मको रेलमार्गको निरीक्षण गरी टोलीले कुर्थादेखि बर्दिवाससम्म रेलमार्ग निर्माणका क्रममा देखिएको मुआब्जा विवाद र समाधानका उपायबारे प्रदेशसभाका सदस्य, नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक झा, धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, रेलमार्गमा पर्ने स्थानीय तहका प्रमुख, उपप्रमुख तथा सरोकारवाला निकायका प्रतिनिधिसँग छलफल गरेको थियो ।

जयनगरदेखि महोत्तरीको बर्दिबाससम्म ७० किमी निर्माणाधीन रेलमार्गमध्ये जयनगरदेखि कुर्थासम्म ३५ किमी रेलमार्गमा गत २०७८ चैत १९ गतेदेखि नियमित रेलसेवा सञ्चालन भइरहेको छ । सो मार्गमा चल्ने रेल सेवाको गत २०७८ चैत २० गते नेपालका प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले झण्डा देखाएर जयनगर-कुर्था रेल मार्गमा रेलसेवाको उद्घाटन गरेका थिए । त्यसयता रेलसेवा दैनिक दुई पटक सञ्चालन भइरहेको छ ।

# मधेशकेन्द्रित दलहरू एक ठाउँमा आएनन् भने जनताले माफ गर्दैन

मधेशको मुद्दा समाधान गर्नका लागि, जनजातिको मुद्दा समाधान गर्नका लागि गठन भएका पार्टीहरू एक ठाउँमा बस्नुपर्छ। एक ठाउँमा बसे मात्र मुद्दा मजबुत हुन्छ। मजबुतीका साथ हामी मुद्दा उठाउन सक्छौं। संविधान संशोधनलगायत माग मुद्दाहरू सम्बोधन हुन सक्छ। यसका लागि एक ठाउँमा आउनै पर्छ।



**राजीव झा**

**नेता, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल**

**० आसन्न प्रतिनिधिसभा र प्रदेशको चुनावको तयारी लोसपाले कसरी गर्दैछ ?**

– कुनै पनि एउटा चुनाव सकिने वित्तिकै अर्को चुनावको तयारी गर्न थाल्नु स्वभाविकै हो। लोसपाले पनि चुनावको तयारी थालेको छ। देश नै चुनावमय भइसकेको अवस्थामा राजनीतिकर्मीहरू स्वभाविक रूपमा चुनावको तयारी गर्छन्। नामावलीहरू छनौट भइरहेका छन्। अन्य पार्टी जस्तै हाम्रो पार्टीमा पनि प्रतिनिधिसभा र प्रदेशसभाका लागि उम्मेदवारहरूका नाम सिफारिस भइरहेको छ। लोकतान्त्रिक विधिअनुसार छनौट प्रक्रिया अगाडि बढेको छ। अहिलेको गठबन्धन स्वार्थको गठबन्धन हो। कुनै नेतालाई कसरी जिताउन सकिन्छ भन्ने मनशायले गठबन्धन गरिएको हो। आफ्नो क्षेत्रमा काम नगर्ने र जनताको मूल्यांकनमा नगर्नेहरू डराएका छन्। गठबन्धन भनेको त्यही डराउनेहरूको झुण्ड हो। सिद्धान्त नमिल्ने, मुद्दा नमिल्ने, नदीको दुई किनाराका कांग्रेस र नेकपा एससहितका दलहरूको यो गठबन्धन हो। कांग्रेस, माओवादी, जसपालगायत यी दलहरूको सिद्धान्त नै मिल्दैन। जसपाको कुरा गर्ने हो भने जति ठूलो आफूलाई राष्ट्रिय पार्टी भने पनि स्थानीय तह चुनावमा कति भोट पाएको छ, कति भोट मधेशबाट र कति भोट पहाडबाट पाएको भन्ने कुरा चुनावमा छर्लङ भइसकेको छ। जसपाले मधेशका दलसँग गठबन्धन नगरी आफ्नै जनतासँग डराएको छ। अरुको झुण्डमा सामेल हुनु राम्रो कुरो होइन। यो देश सय जनाले आफ्नो कब्जामा राखेका छन्। देशलाई फेरि शेरबहादुर देउवा किन प्रधानमन्त्री चाहियो ? किन ओली चाहियो ? अहिले काठमाडौमा हेर्नुस्। बालेन साहले तत्कालै काठमाडौले मुहार फेर्न थालिसक्यो। हो, देशलाई यस्तो नेताको आवश्यकता छ। गन्हाइसकेका नेताको देशलाई आवश्यकता छैन। गठबन्धन स्वार्थीहरूको झुण्ड हो। गठबन्धन मधेशवादी दलमा हुनुपर्छ। प्रजातान्त्रिक धार भएका पार्टीहरूबीच गठबन्धन हुनुपर्छ। सात पुस्तेका लागि धन कसरी आर्जन गर्ने गेम भइरहेको छ।

**० तर, यही गठबन्धनमा लोसपा पनि जाने प्रयास गरेको थियो नि ?**

– यस्ता व्यक्ति हाम्रो पार्टीमा पनि होला। चुनाव जित्ने कि नजित्ने भनेर डराइरहेकाहरू हुन सक्ला। तर, लोकतान्त्रिक समाजवादी पार्टी मुद्दा बेश पार्टी हो। क्याडर बेस पार्टी हो। लोसपा पार्टी राजपा कालदेखि नै आफ्नो मुद्दामा अडिग रहेको पार्टी हो। लोसपालाई त कुनै बेला प्रधानमन्त्रीको पनि अफर आएको थियो। तर, आफ्नो मुद्दा र सिद्धान्तका लागि पछाडि नहेटर अध्यक्ष महन्त ठाकुरजी प्रधानमन्त्री बन्नु भएन। हामीले हाम्रा मुद्दाका विषयमा कुरा गरेका हौं। शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा भोट हाल्दा सहमति भएको थियो। रेशम चौधरीलगायत मधेश आन्दोलनका क्रममा मुद्दा लगाइएको मुद्दा फिर्ता गर्ने भनेर। नागरिकताको समस्या समाधान हुनुपर्छ। यी मुद्दाहरू लोसपाले उठान गरेको हो। त्यसकारण यो पार्टी सरकारमा गएन।

**० पाँच दलीय गठबन्धन वा एमाले कसैसँग चुनावी सहकार्य हुँदैन ?**

– लोसपा एउटा सानो पार्टी हो। पूर्ण बहुमतको सरकार बनाउने हामीसँग शक्ति छैन। त्यो शक्ति भएको भए कसैसँग गठबन्धन गर्ने आवश्यकता नै पर्ने थिएन। हामी त गरिब जस्तो हो। गरिबको आफ्नो नीति सिद्धान्त हुँदैन। गरिबलाई खाना चाहिन्छ। खानाका लागि को मालिक भनेर छुट्याउँदैन। आफू काम गरेर खाने हो। त्यसरी नै लोसपा एउटा क्याडर बेस पार्टी हो। लोसपा मुद्दा बेस पार्टी हो। मुद्दा सम्बोधन गराउन काम गर्नेसँग लोसपा जान सक्छ। लोसपा आफैं संविधान संशोधन गराउने हैसियतको पार्टी होइन। अधिकारविहीनहरूको माग मुद्दा सम्बोधन गर्न जसले सहयोग गर्छ, उसँग लोसपा जान्छ। हाम्रो सिद्धान्त नै यही हो।

**० मधेशी शक्ति एक भएर चुनाव जानु पर्छ भनेर तपाईंहरूले भन्दै आउनुभएको छ। के का लागि एक भएर चुनावमा जानुपर्छ ?**

– मधेशको मुद्दा समाधान गर्नका लागि, जनजातिको मुद्दा समाधान गर्नका लागि गठन भएका पार्टीहरू एक ठाउँमा बस्नुपर्छ। एक ठाउँमा बसे मात्र मुद्दा मजबुत हुन्छ। मजबुतीका साथ हामी मुद्दा उठाउन सक्छौं। संविधान संशोधनलगायत माग मुद्दाहरू सम्बोधन हुन सक्छ। यसका लागि एक ठाउँमा आउनै पर्छ। त्यतिबेला केपी ओलीको सरकारका बेला उपेन्द्रजी १८ महिना बस्नुभयो। एकजुट भएको भए हाम्रो माग मुद्दा सम्बोधन हुन्थ्यो। त्यहाँबाट निकालिए पनि अर्को सरकारमा कसरी मन्त्री बन्नेतर्फ उहाँहरू लाग्नुभयो। विगतमा सपा र राजपा मिलेर प्रदेशमा सरकार बनाए जस्तो अहिले पनि मिलेर अघि बढ्नुपर्ने थियो। मधेशी शक्ति मिलेर अघि बढेको भए कसैको पिछलग्गु भएर जानुपर्ने अवस्था आउने बाला थिएन। आज पनि दुवै पार्टीको अध्यक्षलाई सचेत हुन आग्रह गर्दैछु। आउने पुस्ताले माफ गर्ने बाला छैन। मधेशवादी दलहरू एक हुन सकेनन् भने आफ्नो पुस्ताले आफ्नो अधिकारका लागि आवाज उठाउने हिम्मत गर्न सक्ने छैन।

**० मधेशी दलहरू यो चुनावमा एक ठाउँमा आउने सम्भावना छ ?**

– हुनुपर्छ। मधेश केन्द्रित दलहरू एक ठाउँमा आएनन् भने अधिकारविहीन मधेशका जनताले माफ गर्नेबाला छैन। मरेपछि पुण्यतिथि होइन होली र दिपावली उनीहरूले मनाउने छन्। मधेशी दलहरूलाइ एक ठाउँमा ल्याउनका लागि कार्यकर्ताहरूले दबाब दिनुपर्छ। पार्टीका क्याडरहरू क्षेत्रमा गाउँमा जानुपर्छ। उनीहरूले जनताका कुरा सुन्नुपर्छ। उनीहरूले आ-आफ्नो केन्द्रीय अध्यक्षलाई दबाब दिन सक्नुपर्छ। सहमतिमा ल्याएर गठबन्धन बनाउनुपर्छ।

**० तर, त्यस्तो अवस्था देखिएको छैन नि ?**

– सम्भावना बनाउनुपर्छ।

**० तपाईं पनि चुनाव लड्ने भनेर चर्चा चलेको थियो। तर, हालसम्म कहिँबाट सिफारिस भएको सुनिएको छैन। के छ तयारी ?**

– मलाई मेरो क्षेत्रका जनताले माया गरेकै छन्। मलाई धनुषा क्षेत्र नम्बर २ को १ को क बाट पनि सोधेको थियो। धनुषाको प्रतिनिधिसभामा उम्मेदवारी दिनुहुन्छ कि भनेर सोधिएको थियो। धनुषा ३ क बाट पनि मलाई सोधिएको हो। मिटिङबाटै फोन आएको थियो। नाम राखू कि नराखू भनेर। म काठमाडौमा भएको कारण त्यहाँ जान पाइनँ। तर, अहिलेको परिस्थिति र भ्रष्टहरूको समाजमा क्षेत्रलाई बनाउन सकिँदैन। म जनताका लागि पदमा पुगेर पनि केही गर्न सक्दिनँ। यस्तो आभाष केही दिनदेखि मलाई लागिरहेको छ। यो देश लुटेराहरूले कब्जा गरिसकेका छन्। म त्यसको मतियार बन्न चाहदिनँ। त्यसैले म तपाईंकै कार्यक्रमबाट घोषणा गर्दछु कि न त म चुनाव लड्छु न त म समानुपातिकमा जान्छु। म आफ्नो जनताका लागि न्याय गर्ने सक्ने कुरा मलाई लागेपछि त्यो दिन म चुनाव लड्छु।

# मधेशी शक्तिहरूबीच चुनावी सहकार्य वा गठबन्धन हुनुपर्छ

मधेशी गठबन्धन बन्नुपर्छ भन्ने चाहना स्वाभाविक र आवश्यकता पनि हो। हामीले त पार्टी नै एकता गरी जसपा निर्माण गरेका थियौं। तर यो बीचमा केही कारणवश जसपाबाट हाम्रा नेताहरु अलग पार्टी नै बनाउनुभयो। निश्चितरुपमा हाम्रा माग र मुद्दाहरु एउटै छ। यो चुनावमा पनि यदि चुनावी सहकार्य वा गठबन्धन भयो भने झन राम्रो हुन्छ।



**नेत्रविक्रम शाह**

**जसपा केन्द्रीय सदस्य एवं मधेश प्रदेशसभा सदस्य**

**० अहिले पाँच दलीय गठबन्धनमा जसपा रहेको छ तर सिट बाँडफाँटप्रति जसपाको असन्तुष्टि जस्तै देखिन्छ। जसपा यो गठबन्धनबाट बाहिर लागेको हो त ?**

– यो पाँच दलीय गठबन्धनको सूत्रधार नै जनता समाजवादी पार्टी नेपाल हो। जतिबेला तत्काली प्रधानमन्त्री केपी शर्मा ओलीले दुई-दुई पटक संसद विघटन गर्नुभयो, संविधान मिच्न खोज्नुभो, मुलुकलाई प्रतिगमनतर्फ लानु खोज्नुभो त्यतिबेला सबभन्दा पहिला विरोध गर्ने र आन्दोलनमा जाने निर्णय जसपाले नै गरेको थियो। त्यसपछि अन्य दलहरु पनि संसद विघटनको विरोध गर्न थाले र त्यसपछि जसपाले ओलीको त्यो प्रतिगमनकारी कदमलाई रोक्न गठबन्धन बनाउन पहल गरेको थियो। तसर्थ, यो गठबन्धन हामीले बनाएका थियौं। यो गठबन्धनमा हाम्रो सम्मानजनक स्थान दिइएन भने बसेर कुनै अर्थ रहँदैन। अहिले सिट बाँडफाँटको प्रक्रियामा छ। हाम्रो अस्तित्वलाई स्वीकार गरिएन भने हामी एक्लै पनि चुनावमा जान तयार छौं।

**० भनेपछि, जसपा एक्लै चुनाव लड्ने हैसियत राख्छ त ?**

– निश्चितरुपमा जसपा एक्लै चुनाव लड्ने हैसियत राख्छ। जसपालाई कसैको बैशाखीको आवश्यकता पर्दैन। संघीयताको संस्थागत, समानुपातिक समावेशिता, नेपालका सम्पूर्ण उत्पीडित, उपेक्षित, शोषित पीडितको अधिकारका लागि संघर्ष गर्दै आएको जसपालाई जनताको साथ छ। अहिले पनि जसपा मधेश प्रदेशको सबभन्दा ठूलो दलको रुपमा रहेको छ र सबै प्रदेशमा हाम्रो प्रतिनिधित्व रहेको छ। हामी एक्लै पनि चुनावमा जाँदा अहिलेभन्दा राम्रो अवस्थामा आउन सक्छौं। तर यो पाँच दलीय गठबन्धन आवश्यकता भनेको प्रतिगमनकारीलाई परास्त गर्ने उद्देश्यका लागि गठन भएको हो। फेरि त्यस्ता प्रतिगमनकारी शक्तिहरु संविधान मिच्ने कोशिस नगरोस् भनेर जसपा अहिलेसम्म गठबन्धनमा रहेको छ।

**० तपाईंहरु गठबन्धनमा रहँदा मधेशलाई के फाइदा हुन्छ ?**

– यो गठबन्धनले मुलुकमा प्रतिगमनलाई परास्त गरेको छ। मधेश आन्दोलनको उपलब्धिहरु संघीयता, समावेशिता, लोकतन्त्र, गणतन्त्र लगायतको रक्षा यो गठबन्धनले गरेको छ। तसर्थ, यसले मधेश मात्र होइन, समग्र देशको हितमा रहेको छ। चुनावमा सिटमा केही तलमाथि हुनसक्छ। संघीय मधेश आन्दोलनकै देन हो र मधेश प्रदेश त्यसको आधारभूमि हो।

**० अहिले सिट बाँडफाँडमा जसपाले दाबी गरेको भन्दा धेरै कम सिट पाउने देखिन्छ, त्यसो भयो भने जसपा त अझ सानो दलको रुपमा आउँछ नि ?**

– सिट बाँडफाँटमा जसपाको भागमा जति पनि सिट आउँछ, त्यो सबै हामी जित्ने अवस्था छौं। त्यसपछि देशभरबाट पनि जसपालाई समानुपातिक मत आउँछ, त्यसो भएको हुनाले जसपा अहिलेको भन्दा पनि संख्या बढ्छ। गठबन्धनमा रहेर पनि जसपालाई घाटा हुनेवाला छैन। किनभने आमजनताले जसपा र जसपाको नेतृत्वलाई विश्वास गरेको छ। जसपा नेतृत्वको मधेश प्रदेश सरकारले उल्लेखनीय कार्यहरु गरेको छ। आठ जिल्लाको मात्र भएपनि मधेशीहरुको पहिचान स्थापित गराउन मधेश प्रदेश स्थापना भएको छ। अब हामी मधेशका बाँकी जिल्लाहरुलाई मधेश प्रदेशमा ल्याउन आगामी दिनमा संघर्ष जारी रहेको छ।

**० गत चुनावमा तत्कालीन संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीबीच मधेशी गठबन्धन भएको थियो, यसपालिका कतिको सम्भावना छ ?**

– मधेशी गठबन्धन बन्नुपर्छ भन्ने चाहना स्वाभाविक र आवश्यकता पनि हो। हामीले त पार्टी नै एकता गरी जसपा निर्माण गरेका थियौं। तर यो बीचमा केही कारणवश जसपाबाट हाम्रा नेताहरु अलग पार्टी नै बनाउनुभयो। निश्चितरुपमा हाम्रा माग र मुद्दाहरु एउटै छ। यो चुनावमा पनि यदि चुनावी सहकार्य वा गठबन्धन भयो भने झन राम्रो हुन्छ। त्यसका लागि दुवैतिरका नेताहरुबीच छलफल र वार्ता हुनुपर्‍यो। स्थानीय तहको चुनाव लगत्तै हाम्रा श्रद्धेय अध्यक्ष उपेन्द्र यादवले सार्वजनिकरुपमै आह्वान गर्नुभएको थियो। यसबारे सकारात्मक कुराकानी अगाडि बढ्नुपर्छ र विगतका तितामिठा कुराहरुलाई बिर्सेर अधिकार प्राप्तिको संघर्षमा सँगै हिंड्ने वातावरणमा बनाउनुपर्‍यो।

**० तपाईं अहिले मधेश प्रदेशको सांसद हुनुहुन्छ, के-के गर्नुभयो त ?**

– म सप्तरीबाट मधेश प्रदेशका लागि प्रदेशसभा सदस्य रहेको छु। मेरो निर्वाचन क्षेत्र सप्तरी २ पर्दछ। जसअन्तर्गत मेरो गृहनगर २ (क) मा पर्दछ। म प्रदेश सांसदको भूमिकामा रहेर मैले सप्तरीको २ (क) वा (ख) मात्रै होइन समग्र सप्तरी जिल्लाकै लागि काम गरेको छु। म अहिले मन्त्री पनि बनेको छैन तैपनि मैले आफ्नो व्यक्तिगत प्रयासमा प्रदेश सरकार र संघीय सरकारबाट विभिन्न शीर्षकमा बजेटहरु ल्याएर यहाँ उल्लेखनीय कार्यहरु गरेको छु। त्यसैले यहाँ जनताले अब मलाई प्रत्यक्षतर्फ निर्वाचनमा आउनुपर्छ भन्ने सुझावहरु दिइरहनुभएको छ। तर, मैले अहिलेसम्म कुनै निर्णय गरिसकेको छैन। मेरो पनि इच्छा त हो कि म प्रत्यक्ष निर्वाचनमा सहभागिता जनाउँ। तर पार्टीले मलाई जहाँ पठाउँछ, त्यहाँ जान तयार छु।

**० अझ के-के काम गर्ने भनेर जनताका बीच मत माग्न जानुहुन्छ ?**

– हामीले यो पाँच वर्षमा धेरै नै कामहरु गरेका छौं। हाम्रा श्रद्धेय अध्यक्ष उपेन्द्र यादव पनि सप्तरी २ बाटै जित्नुभएको छ। उहाँ यहाँबाट जितेकोले यहाँ धेरै नै उल्लेखनीय कार्यहरु भएको छ। दूरगामी प्रभाव पार्ने स्वास्थ्य, शिक्षा, सडक लगायतका क्षेत्रमा उल्लेखनीय कार्यहरु भएका छन्। अझै पनि यस क्षेत्रको शिक्षा, स्वास्थ्यमा सबभन्दा बढी लगानी र काम गर्नुपर्ने आवश्यकता छ। अहिले पनि यहाँको मुख्यत: शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणस्तर सेवाका लागि हामीले कार्यहरु गर्नुपर्ने छ। हाम्रा राष्ट्रिय एजेण्डाहरु त छँदैछ तर यहाँ जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरुलाई आगामी कार्यकालमा पूरा गर्ने प्रतिबद्धताका साथ जनताका बीचमा मत माग्न जान्छौं।

**० उपेन्द्र यादवजी फेरि सप्तरी २ बाटै चुनाव लड्नुहुन्छ त ?**

– अहिले सप्तरी २ मा विभिन्न पार्टीका नेताहरुले आआफ्नो उम्मेद्वारीका सिफारिस भइरहेका छन्। सोही क्रममा हाम्रा श्रद्धेय अध्यक्ष उपेन्द्र यादवजीको पनि नाम सिफारिस भएको छ। उपेन्द्र यादवजी एउटा राष्ट्रिय/अन्तर्राष्ट्रिय रुपमा पहिचान र प्रभावा बनाइसकेका नेता हुनुहुन्छ। उहाँ देशको जुनसुकै क्षेत्रबाट पनि उम्मेद्वारी दिनुभयो भने जित्नुहुन्छ। उहाँ संघीयताको पिता हुनुहुन्छ। अहिलेसम्म हामीले हेर्ने भने जुनसुकै क्षेत्रबाट पनि उहाँ जित्दै आउनुभएको छ। विभिन्न जिल्लाका १० भन्दा बढी ठाउँबाट उहाँको नाम सिफारिस भएको छ। उहाँले सप्तरीमा गर्नुभएको काम प्रशंसनीय छ। तसर्थ सप्तरी २ बाट उहाँ यदि पुन: उम्मेद्वार बन्नुभयो भने जनताले निश्चितरुपमा बहुमतका विजयी बनाउनु हुन्छ।

**० जसपा नेतृत्वमा रहेको मधेश प्रदेश सरकारको मुख्यमन्त्री कार्यालयविरुद्ध करोडौं भ्रष्टाचार भएको भनि मुद्दा लागेको छ। यसबारे जसपा किन केही बोल्दैन ?**

– संघीयता विरोधीहरुको यो षड्यन्त्र हुन सक्छ। यहाँ कसैले कोहीमाथि आरोप लगाउँदै त्यो सही नै प्रमाणित हुँदैन। यो मुद्दा अहिले अदालतमा छ, यसबारे छानबिन भइरहेको छ। अदालतमा विचाराधिन रहेको मुद्दामा कुनै वक्तव्य दिनु वा टिकाटिप्पणी गर्नु उचित होइन। जसपा पनि भ्रष्टाचारविरोधी पार्टी हो। जसपाले भ्रष्टाचारलाई प्रश्रय दिने काम गर्दैन। यदि साँच्चिकै भ्रष्टाचार भएकै छ भने त्यसमा दोषीहरुलाई कारबाही हुनुपर्छ। तर, यो एउटा षड्यन्त्र रहेको हामी बुझ्छौं। अहिले संघीयताविरोधीहरु सक्रिय भएका छन्। संघीयताको जननी मधेश प्रदेशलाई बदनाम गराउन यस्तो षड्यन्त्र भएको हुनुपर्छ। अर्को कुरो, विशेष अदालतमा दायर भएको मुद्दामा मुख्यमन्त्रीको कुनै संलग्न भएको देखिएको छैन। मुख्यमन्त्री कार्यालयका कर्मचारीहरुले अनियमितता गरेको भनि मुद्दा दायर भएको छ। त्यसमा मुख्यमन्त्रीको कहींकतै नाम मुछिएको छैन। हामीले अदालतमा रहेको मुद्दालाई प्रभावित बनाउन चाहँदैनौं। अदालतबाट जे फैसला हुन्छ, त्यो त मान्नैपर्छ।

# सङ्घीय र प्रदेश संसद्मा दलितको प्रतिनिधित्व बढाउन माग

उपर्युक्त सम्बन्धमा नेपालको संविधानमा उल्लेख भएको समानुपातिक/समावेशीको सिद्धान्तअनुसार दलितहरूलाई समेत सङ्घीय र प्रदेश संसद्मा प्रतिनिधित्व गर्ने अधिकार छ। नेपालको सामाजिक, आर्थिक र शैक्षिक अवस्थाका कारणले कतिपय स्थानमा दलित समुदायले अन्य जाति/समुदायसँग प्रतिस्पर्धा गर्न नसक्दा प्रत्यक्ष निर्वाचनमा राजनीतिक दलहरूले दलितहरूलाई उम्मेदवार बनाउन चाहँदैनन्।

वि.सं. २०७४ सालमा भएको संसदीय निर्वाचनमा दलितलाई सांसद बनाएको अवस्था हेर्दा प्रतिनिधि सभामा दलित समुदायबाट १९ जना सांसद भएकामा १ जनामात्र मधेसी दलित थिए। यसैगरी राष्ट्रिय सभामा दलित समुदायबाट ७ जना सांसद भएकामध्ये २ जनामात्र मधेसी दलित छन्। त्यसैगरी प्रदेश सभामा ५५० जना सांसद भएकामध्ये दलित समुदायबाट ३३ जनामात्र थिए। जसमध्ये मधेसी दलितको सङ्ख्या ८ जनामात्र छ। प्रदेश सभाको प्रत्यक्षतर्फ ३३० सिट रहेकामा दलित समुदायबाट ४ जनामात्र विजयी भएका थिए। जसमा मधेसी दलित एकजना पनि थिएनन्। यसरी नै समानुपातिकतर्फ २२० जनामध्ये दलित समुदायबाट २९ जना विजयी भएका थिए। जसमा मधेसी दलित ८ जना थिए। यो भनेको जम्मा प्रदेश सभामा मधेसी दलितको प्रतिशत १.४५ हुन आउँछ भने कुल दलितभित्र मधेसी दलितको प्रतिशतचाहिँ २७ हुन आउँछ।

नेपालको संविधानको धारा ४० (७) अनुसार दलितभित्र पनि जातिगत आधारमा कोटा विभाजन गर्नुपर्छ। निर्वाचन आयोगले समेत यसअघिको निर्वाचनमा सबै राजनीतिक दललाई दलितहरूको क्लस्टर बनाउन अनुरोध गर्दै पत्र पठाएको थियो। तर पनि राजनीतिक दलहरूले त्यसलाई कार्यान्वयनमा नल्याएको जानकारी गराउन चाहन्छौँ।

तसर्थ दलितभित्र पनि पहाडी दलित र मधेसी दलितबीच जनसङ्ख्याका आधारमा कोटा विभाजन गर्नुपर्छ। तत्कालका लागि राजनीतिक पार्टीहरूले निर्वाचन आयोगमा समानुपातिक सांसदको सूची बुझाउँदा ६० प्रतिशत पहाडी दलित र ४० प्रतिशत मधेसी दलितको नामावली बुझाएर मधेसी दलितहरूलाई जनसङ्ख्याको आधारमा अवसर दिनुपर्दछ।

हामी प्रदेश र सङ्घीय संसद्को निर्वाचनमा दलित र महिलालाई बढीभन्दा बढी उम्मेदवार बनाउन राजनीतिक पार्टीहरूले के/के गर्दैछन् भन्ने नियालिरहेका छौँ। संसदीय निर्वाचनमा दलित र महिलाहरू उम्मेदवार बन्न चाहिरहेका छन् तर यसबारेमा राजनीतिक पार्टीहरूले दलितप्रति भेदभाव गरेका सूचनाहरू नियमितरूपमा प्राप्त भइरहेका छन्।

अहिले दलितको जनसङ्ख्या १० वर्षअघिको अर्थात २०६८ को जनगणनाका आधारमा काम चलाउनुपर्ने अवस्था छ जबकि राष्ट्रिय जनगणना २०७८ सम्पन्न भई प्रारम्भिक नतिजासमेत सार्वजनिक भइसकेको छ। तर पनि दलितको एकीन सङ्ख्या भने केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको छैन। यसलाई हामीले आगामी मङ्सिर ४ गते हुने सङ्घीय तथा प्रदेश सभाको निर्वाचनमा दलित समुदायको बढेको सङ्ख्याका आधारमा सिट सङ्ख्या उपलब्ध नगराउने नियतका रूपमा बुझेका छौँ। त्यसैले तत्काल २०७८ को जनगणनाअनुसार दलित समुदायको जनसङ्ख्या सार्वजनिक गर्ने र नयाँ सङ्ख्याका आधारमा दलित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ।

राजनीतिक पार्टीहरूले जनाधार भएका, स्थानीय स्तरमा क्रियाशील भएर दलितको पक्षमा पैरवी गर्ने भन्दा आफ्ना आसेपासेहरूलाई समानुपातिक सूचीमा माथि राख्ने गरेका छन्। र, सोही आधारमा नेताको भक्ति गाउनेहरूले मात्र संसद्मा प्रतिनिधित्व गर्ने अवसर पाउने देखिँदै आएको छ। त्यसैले समग्र दलित समुदायको प्रतिनिधित्व जातिगत, भाषागत, क्षेत्रगत आधारमा हुन सकेको छैन। आगामी २०७९ मङ्सिर ४ गते हुने सङ्घ र प्रदेशको निर्वाचनमा मधेसी दलित र पहाडी दलितको जनसङ्ख्याको आधारमा उचित कोटा निर्धारण गर्न, दलित महिलाहरूलाई समेत समग्र महिलाको कोटामा राख्न आवश्यक छ।

निर्वाचनमा दलितहरूलाई जनसङ्ख्याका आधारमा समानुपातिक प्रतिनिधित्व गराउनका लागि र प्रदेश संसदीय क्षेत्र र सङ्घीय संसदीय क्षेत्रमा जुन जुन क्षेत्रमा दलितको समग्रमा २० प्रतिशत भन्दा बढी जनसङ्ख्या छ ती क्षेत्रमध्ये केहीमा आरक्षणको अवसर सिर्जना हुने गरी राजनीतिक पार्टीहरूले दलित-दलितबीच नै प्रतिस्पर्धा गराउने वातावरण बनाउनुपर्छ।

दलहरूले प्रदेश र प्रतिनिधि सभाको समानुपातिकतर्फको उम्मेदवार सूची पेस गर्दा दलितभित्र समानुपातिकताको हिसाबले कम्तीमा ४० प्रतिशत मधेसी दलितको नाम अनिवार्य हुने व्यवस्था गर्ने।

अहिले राजनीतिक पार्टीहरूले प्रदेश र सङ्घका लागि उम्मेदवार छनोट प्रक्रिया अघि बढाएका छन्। यस्तो अवस्थामा सांसदको टिकट दिने राजनीतिक पार्टीका पदाधिकारी र समितिहरूले दलितको प्रतिनिधित्व पहिलेभन्दा बढाउनका लागि उम्मेदवार छनोटको एक प्रमुख आधार दलितलाई पनि बनाइनुपर्छ।

मधेस प्रदेशमा दलित अगुवाहरू र दलितका विषयमा सरोकार राख्ने सङ्घ/संस्था र अन्य सरोकारवालासँग गरिएको सम्वादमा समग्रमा सङ्घीय र प्रदेशस्तरीय संसदीय निर्वाचनमा दलित-दलितबीच कार्यगत एकता गरेर जसरी पनि दलितलाई जिताउने अभियानको थालनी गर्ने सोच दलितहरूले बनाएका छन्। कुनै पनि राजनीतिक पार्टीले टिकट दिएन भने दलितहरूले नै खोलेका राजनीतिक पार्टीमा आबद्ध भएर एउटा दलित उम्मेदवार उठाएर जित्ने प्रयास गर्ने अभियानसमेत दलित समुदायबाट चलाइएको छ।

समग्रमा, राजनीतिक पार्टीले प्रदेश र सङ्घीय सांसदको उम्मेदवार बनाउँदा अधिकार आन्दोलनका लागि त्याग/सङ्घर्ष गरेका तथा समाजमा दलितको पक्षमा सक्रियतापूर्वक खटिरहेकाहरूलाई बढी प्राथमिकतामा राख्न सविनय अनुरोध गर्दछौं।

**दलित सरोकार मञ्च, नेपाल**
**कञ्चनरूप, सप्तरी**

## पर्सा मिलन केन्द्र काठमाडौंको साधारण सभा सम्पन्न

काठमाडौं। पर्सा मिलन केन्द्र काठमाडौंको १८औं साधारण सभा सम्पन्न भएको छ। सम्पन्न सो साधारण सभाले ईन्जिनियर उमेशकुमार गुप्ताको अध्यक्षतामा १७ सदस्यीय कमिटी गठन गरेको छ। कमिटीको प्रथम उपाध्यक्षमा अमुसिंह सिजापति, उपाध्यक्षमा उताउल्लाह अंसारी, महासचिवमा ललन प्रसाद साह, कोषाध्यक्षमा प्रदिप कुशवाहा, सचिवमा किरण कुमारी गुप्ता, प्रचार सचिवमा राजवली प्रसाद कुशवाहा र सहायक सचिवमा सविता राज कर्णिकार रहेका छन्।

यसैगरी सदस्यहरुमा विशेश्वर प्रसाद यादव, अजयकुमार साह, ममता भुजेल, शशीभुषण चतुर्वेदी, शृजकिशोर स्वर्णकार, अजयकुमार गुप्ता, सिकेन्द्र चौधरी र औरन्जेब अहमद रहेको नवनिर्वाचित अध्यक्ष गुप्ताले जनाएका छन्।

काठमाडौंमा आई बसोबास गर्दै आएका पर्सा जिल्लाबासीहरुका बीचमा आपसी मेलमिलाप, भाइचार, सदभाव र सहयोग कायम गर्ने उदेश्यले यो संगठनको ३२ बर्ष अघि स्थापना भएको थियो। साधारण सभाको उदघाटन एक कार्यक्रमका बीच खानेपानी मन्त्री उमाकान्त चौधरीले गरेका छन्।

## विनोद सिंह सप्तरी २ (क) बाट सिफारिस



सप्तरी। लोकतान्त्रिक समाजवादी पार्टी नेपालको तर्फबाट प्रदेशसभा सदस्य उम्मेद्वारका लागि सप्तरी निर्वाचन क्षेत्र नं. २ (क) बाट नेपाल मधेशी निजामती कर्मचारी मञ्चका संस्थापक अध्यक्ष विनोद कुमार सिंह सिफारिस भएका छन्। मंगलबार बसेको निर्वाचन क्षेत्रस्तरीय समितिले सिंहलाई प्रदेशसभा सदस्य उम्मेद्वारको रुपमा सिफारिस गरेको हो।

प्रथम मधेश विद्रोहका बेला निजामती सेवामा कार्यरत् मधेशी कर्मचारीहरुलाई संगठित गर्ने उद्देश्यका साथ सिंहले मधेशी निजामती कर्मचारी मञ्चको स्थापना गरेका थिए। सो मञ्चले मधेश आन्दोलनमा सक्रिय र महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। सिंहको नाम प्रदेशसभा सदस्य उम्मेद्वारका लागि सिफारिस भएपछि मधेशी कर्मचारीहरु उत्साहित भएका छन्। मञ्चको सप्तरीका अध्यक्ष अजय कुमार झा भन्छन्, 'सिंह जस्तो जुझारु र इमान्दार व्यक्तित्व प्रदेशसभाका लागि सिफारिस हुनु एकदमै सकारात्मक र परिवर्तनको सन्देश दिएको छ।' मधेशवादका प्रणेता स्व.गजेन्द्र नारायण सिंहको पालादेखि मधेश, आदिवासी जनजाति, उत्पीडित समुदायको अधिकार प्राप्तिको आन्दोलनको आफ्नो भूमिका निर्वाह गर्दै आएका छन् सिंह।











## मधेश अपडेट

### देशमा एउटा असल व्यक्तिको खाँचो छ : ओली

मोरङ। पूर्वप्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले देश बनाउने एउटा आर्दश व्यक्ति खोजिरहेको बताएका छन्। उनले मुलुकमा एउटा असल व्यक्तिको खाँचो रहेकाले मुलुक उसैलाई सुम्पिन चाहेको बताए। नेपाल जेसीज क्षेत्र 'क' सम्मेलनको अवसरमा मोरङको सुन्दरहरैंचामा शुक्रबार इन्द्रपुर जेसीज आतिथ्य शाखाको रूपमा रहेको समारोहमा उनले नेपालको हित र विकासका लागि सबै नेपाली सचेत भएर अघि बढ्न जरूरी रहेको बताए। अध्यक्ष ओलीले नयाँ देश बनाउने मान्छे अरू कोही नभएर तपाईंहरू स्वयं भएको उल्लेख गरे। उनले देशलाई समाजिक, आर्थिकरूपमा अघि बढाउन एकता र नेतृत्वको खाँचो भएको उल्लेख गर्दै भने, "नेपाल नेपालीले बनाउने तथा चलाउने हो, अरूले होइन।" उनले हाम्रो देश प्रकृतिको सुन्दरतामा समेत धनी भएकाले विश्वको अग्लो सगरमाथाको शिखरदेखि तराईका होचा खेतीयोग्य जमिनको भुगोलसमेतले देशको पहिचान र सुन्दरता बोकेको बताए।

### कपिलवस्तु ३ मा शाह एकल सिफारिस

इमरान खान, कपिलवस्तु। नेपाली कांग्रेस कपिलवस्तु क्षेत्र नं. ३ ले प्रतिनिधि सभातर्फ अभिषेकप्रताप शाहको एकल नाम सर्वसम्मत सिफारिस गरेको छ। क्षेत्रीय कार्यसमितिले पूर्व केन्द्रीय सदस्य शाहको नाम क्षेत्र नं. ३ मा प्रतिनिधि सभातर्फ सर्वसम्मत सिफारिस गरेको हो। नेता शाह सो क्षेत्रबाट अहिले पनि प्रतिनिधि सभामा प्रतिनिधित्व गर्छन्। उनी पटक-पटक निर्वाचित भइसकेका छन्। त्यसैगरी कांग्रेसले कपिलवस्तु क्षेत्र नं. ३ 'क'मा प्रदेशतर्फ अकिल मियाँ र जमशेर अलि मियाँलाई सिफारिस गरेको छ। 'क'मा टिकटमा प्रस्ताव भएका नेताहरूमध्ये अकिल मियाँ सबैभन्दा बढी लोकप्रिय युवा नेता मानिन्छन्। उनले टिकट पाउने सम्भावना निकै रहेको चर्चा छ। प्रदेशतर्फ 'ख'मा नेता वीरेन्द्र कनौडिया सिफारिस भएका छन्। कनौडिया 'ख'बाट एकल रुपमा सिफारिस भएका छन्। 'ख'बाट कनौडिया अहिले पनि प्रतिनिधित्व गर्छन्। कपिलवस्तु- ३ मा कांग्रेसका लागि सबैभन्दा सुरक्षित क्षेत्र मानिन्छ। युवा नेता शाहकै कारण यो क्षेत्र बलियो छ।

### विकास परिषद्मा अख्तियारको छापा

धनुषा। बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासले छापा मारेर केही कागजात नियन्त्रणमा लिएको छ। बर्दिबासवाट खटिआएको अख्तियारको टोलीले विभिन्न उजुरीका कागजात नियन्त्रणमा लिएको बर्दिबास कार्यालयका प्रमुख गोपाल अधिकारीले जानकारी दिए। बृहत्तरबाट भएको विभिन्न निर्माण सम्बन्धीको काममा व्यापक अनियमितता भएको भन्दै परेको उजुरीका आधारमा अख्तियारले छापा मारी सो सम्बन्धी कागजात नियन्त्रणमा लिएर गएको प्रमुख अधिकारीले बताए। यसभन्दा पूर्व बृहत्तरद्वारा जानकी मन्दिरमा भएको विद्युतीकरणमा व्यापक अनियमितता भएको भन्दै छापा हानेर अख्तियारले सम्बन्धित कागजात लिएको थियो। त्यो मुद्दा भने अख्तियारले मुल्तवीमा राखेको छ। बृहत्तरले मधेश प्रदेशका धनुषा र महोत्तरी कार्यक्षेत्र रहेका जिल्लाका विभिन्न पालिकाबाट दर्जनौं उजुरी अख्तियारमा छन्। बृहत्तरले काम नै नगरी मिलेमतोमा उपभोक्ता समिति तथा ठेकेदारलाई भुक्तानी दिएको, प्राविधिकले मूल्याङ्कनभन्दा बढी रकम निकासा गरेको, गाडी खरिदमा समेत व्यापक अनियमितता भएको उजुरी परेको छ।

### 'कसैलाई भोकै बस्न दिने छैन'

बाँके। लामो समयदेखि प्रयाप्त वर्षा नहुँदा सुख्खा क्षेत्र घोषणा गरिएको नरैनापुर गाउँपालिकाको अर्थमन्त्री जनार्दन शर्माले शुक्रवार स्थलगत अनुगमन गरेका छन्। अर्थ मन्त्री शर्माले नरैनापुर क्षेत्रको सुख्खा ग्रस्त क्षेत्रमा कुरा गर्दै भन्नुभयो, नरैनापुरको घडेरी देख्दा मलाई मर्महित बनाएको बनाउदै मन्त्री परिषदमा गएर कुरा राख्ने र तत्काल राहातको केन्द्रीय सरकारबाटै राहतको व्यवस्था गराउने बताएका थिए। अर्थ मन्त्री शर्मा नरैनापुरका स्थानीय जनप्रतिनिधी, किसान र सर्वसाधारणसंग विस्तृत रुपमा जानकारी लिनुका साथै मन्त्री शर्मा गाउँपालिकाको केही वडामा पुग्नुका साथै भारतीय सिमा नाका बघौडा सम्मको स्थलगत अनुगमन गरेका थिए। प्रयाप्त पानी नपर्दा सो क्षेत्रमा जेनतेन १५ प्रतिशत मात्रै रोपाई भएको र सो पनि पछि सुकेर काम नलाग्ने भएको नरैनापुर ५ का वडा अध्यक्ष कृष्ण चन्द्र मौर्य मन्त्रीलाई जानकारी गराएका थिए। स्थलगत अनुगमनको क्रममा अर्थमन्त्री शर्माले अधिकाँश खेती योग्य जमिन बाँझो रहेको आफुले प्रत्यक्ष देखेको जनाउँदै आवश्यक व्यवस्था मिलाउने प्रतिवद्धता जनाए। सो समस्याका बारेमा मन्त्री परिषदको बैठकमा जानकारी गराउनुका साथै प्रधानमन्त्रीसंग पनि कुरा गर्ने बताए।

### प्रदेश १ साक्षर प्रदेश घोषणा

विराटनगर। प्रदेश नं १ लाई साक्षर प्रदेश घोषणा गरिएको छ। सामाजिक विकास मन्त्रालयद्वारा आज यहाँ आयोजित कार्यक्रममा प्रदेश १ सभाका सभामुख प्रदीपकुमार भण्डारीले सो घोषणा गरेका हुन्। उनले साक्षरतासहित अब प्रदेशलाई आर्थिक समृद्धिका रूपमा परिवर्तन गर्न सबैले आफ्नो ठाउँबाट जिम्मेवार भई भूमिका निर्वाह गर्नुपर्नमा जोड दिए। प्रदेशका सामाजिक विकासमन्त्री राजन राईले मुलुकको समृद्धिका लागि व्यावसायिक, गुणस्तरीय र व्यवहारिक शिक्षा दिनुपर्ने आवश्यकता रहेको बताए। स्वास्थ्यमन्त्री जयराम यादवले राष्ट्रियता, मातृभूमि र मातृभाषाप्रति समर्पित रहन विद्यार्थीलाई आग्रह गरे। खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री रामकुमार राईले मुलुकका लागि अबको शिक्षा जागिरे मात्र होइन, व्यवहारिक हुनुपर्नेमा जोड दिए। सामाजिक विकास राज्यमन्त्री विष्णु तुम्वाहाम्फेले प्रदेशलाई साक्षर घोषणा गर्न सबैको सहयोग प्राप्त भएको बताउँदै मातृभाषाको विकासका लागि गर्ने धारणा व्यक्त गरे। सामाजिक विकास समितिका सभापति सरिता थापा खड्का, विराटनगर महानगरपालिकाका उपप्रमुख शिल्पा निराला कार्की, प्रदेश नं १ का प्रमुख सचिव विनोदप्रकाश सिंह, सामाजिक विकास मन्त्रालयका सचिव दीर्घराज मैनाली, जिल्ला समन्वय समिति पाँचथरका रामराज आङदम्वेलगायतले शिक्षा मुलुकको समृद्धिको महत्वपूर्ण मेरुदण्ड रहेको र मुलुकलाई आवश्यक पर्ने जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षा सर्वसुलभ गराउनुपर्नेमा सुझाव दिए।

### 'सबैको अस्तित्व स्वीकार हुनेगरी सिट बाँडफाँट हुने'

कैलाली। नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले सबैको अस्तित्व स्वीकार हुने गरी सिट बाँडफाँट हुने बताएका छन्। धनगढी विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले गठबन्धनमा मागेअनुसार सिट भाग नपरे पनि सबैको अस्तित्व स्वीकार हुने गरी सिट बाँडफाँट हुने बताएका हुन्। अध्यक्ष प्रचण्डले बुधवारभित्र सिट बाँडफाँट टुङ्गो लगाउने गरी छलफल भइरहेको बताए। सत्ता गठबन्धनले प्रभावकारी तालमेल गरेरै निर्वाचनमा जाने अध्यक्ष प्रचण्डको भनाइ छ। निर्वाचनपछि बन्ने नयाँ सरकारले मुलुकलाई नयाँ गतिमा अघि बढाउने उनले बताए। संसद् लम्ब्याउने कुरा पनि आइरहेको छ, भन्ने सञ्चारकर्मीले सोधेको प्रश्नको जवाफमा अध्यक्ष प्रचण्डले भने "संसद् लम्ब्याउन हुँदैन भन्ने कुरामा हामी स्पष्ट छौं, अस्ति हामीले गठबन्धनको बैठकमा नै एक दिन पनि यताउता गर्न हुँदैन र मङ्सिर ४ मा नै निर्वाचन हुन्छ, मनोनयनपछि संसद् नरहने हामीले भनी सकेका छौं।

### बुटवल-लुम्बिनी प्रसारण लाइन उद्घाटन

रुपन्देही। बुटवल-लुम्बिनी १३२ केभी प्रसारण लाइन रुपन्देहीको मैनहियामा उद्घाटन भएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले सो प्रसारण लाइनको उद्घाटन गरेकी छन्। उनले अब छिट्टै सबैका घरमा चाहिएजति विद्युत् जडान हुने बताएकी छन्। उनले अहिले करिब ९५ प्रतिशत जनताका घरमा विद्युत् पुगेको भन्दै दुई वर्षभित्रै सबै घरमा चाहिएजति विद्युत् उपलब्ध गराउने गरी सरकारले काम गरिरहेको बताएकी थिइन्। उनले अब सबैले विद्युतीय उपकरण प्रयोग गर्नुपर्नेमा जोड दिइन्। 'यातायात, सिँचाइलगायतका क्षेत्रमा पनि अव विद्युतीय साधनको प्रयोग गर्नु जरुरी छ, विद्युतीय सवारीका लागि सरकारले नै चार्जिङ स्टेशन बनाउनेछ, त्यसैले म सवारी किन्न चाहनेलाई विद्युतीय साधन किन्नका लागि अनुरोध गर्दछु', उनले भनेकी थिइन्।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# नेपालमा अथाह सम्भावना - २



**डा.राजेश अहिराज**

यसो गर्दा शेयर लगानी गर्ने जनता प्रत्यक्ष लाभान्वित हुन पाउँछन् । उनीहरुको आर्थिक स्तर निकै माथि पुग्ने छ ।

प्रचूर विद्युत उत्पादनसँगै लामो दूरीमा चल्न सक्ने विद्युतीय सवारी साधनहरुको उत्पादनमा जोड दिनुपर्छ । त्यसका लागि महावीर पुन नेतृत्वको राष्ट्रिय आविष्कार केन्द्रलाई स्रोत साधन सम्पन्न बनाएर काम गराउन सकिन्छ । ठाउँठाउँ विद्युतीय चार्जिङ स्टेशनहरु बनाउन सकिन्छ । विद्युत महसुल अझै सस्तो बनाउँदै लगेर नेपालीहरुका भान्साबाट ग्यास सिलिण्डरलाई अभियानकै रुपमा प्रतिस्थापित गरिनु पर्छ । पेट्रोलियम पदार्थको आयात बर्षेनी घटाउँदै लैजाने हो भने पनि अहिले गइरहेको देशको ठूलो धन जोगाउन सकिन्छ । जोगिएको त्यो धन विकासकै अन्य काममा लगाउन सकिन्छ ।

हामीले कम लगानीमा चाँडो समृद्धि हासिल गर्न सकिने अर्को क्षेत्र भनेको पर्यटन हो । हाम्रो छिमेकी चीनको जनसंख्या अहिले १ अर्ब ४५ करोड छ भने भारतको जनसंख्या १ अर्ब ४१ करोड छ । त्यस्तै पाकिस्तानको २३ करोड, बाङगलादेशको १७ करोड र बाँकी दक्षिण एसियाली छिमेकीको ७ करोड गरी कूल ३ अर्ब ३३ करोड जनसंख्या हाम्रै छिमेकमा छ । जुन विश्वको कुल जनसंख्याको ४१.४० प्रतिशत हो । पछिल्लो एक अध्ययनअनुसार कूल ३ अर्ब ३३ करोडमध्ये ५ प्रतिशत मध्यम खालका धनी, एक प्रतिशत एकदमै धनी र १० प्रतिशत राम्रोसँग खर्च गरेर संसारभर घुमफिर गर्नसक्ने हैसियतका छन् । ती १६ प्रतिशत अर्थात ५२ करोड मानिसहरुका लागि लक्ष्य गरेर हामीले हाम्रा भौतिक पूर्वाधारको विकास र जनशक्तिको तयारी गर्‍यौं भने पर्यटनबाट हामी मुलुकलाई केही वर्षमै कायापलट गर्न सक्छौं ।

तिनलाई देखाउनका लागि हामीसँग अनेकौं ऐतिहासिक, पुरातात्विक स्थलहरु छन् । मठ मन्दिर र तपोभूमिहरु छन् । राष्ट्रिय निकुञ्ज र आरक्षहरु छन् । हिमाली ताल, झरना र हिमश्रृङ्खलाहरु छन् । अन्यत्र कहीँ नपाइने फूलहरु, फलफूलहरु, पुतलीहरु, चराचुरुङ्गी, जीवजन्तु र मनोरम फाँटहरु छन् । जातीय र सांस्कृतिक विविधता छ । भौतिकभन्दा पनि महत्वपूर्ण सम्पत्ति त हामी नेपालीको मुहारमा देखिने निश्छल मुस्कान हो । दुःखमा पनि हाँस्न सक्ने भनेर हामी विश्वप्रसिद्ध छौं । हामीले चाह्यौं भने आएका पर्यटकलाई मख्ख बनाएर महिनौं यहाँ राख्न सक्छौं ।

एउटा पर्यटकलाई एक हप्ता मात्रै राख्न सक्ने हो भने प्रत्यक्ष अप्रत्यक्ष रुपमा तीनजनाले रोजगारी पाउँछन् । महिना दिन राख्न सकियो भने कम्तीमा ९ जनाले रोजगारी पाउँछन् । छिमेकी देशहरुमा रहेका घुम्ने आर्थिक हैसियत भएका ५२ करोडलाई लक्ष्य गरेर हामीले काम गर्ने हो भने रोजगारीको अवसर फालाफाल हुन्छ ।

ती ५२ करोडलाई भित्र्याउने लक्ष्य राखिरहँदा हामीले तेजस्वी दिमाग भएका विनम्र व्यवस्थापक र पथप्रर्दशकहरुको तयारी गर्नुपर्छ । विदेशमा पर्यटन पढेर आएका 'ब्रिलियन्ट' विद्यार्थीहरुका माध्यमबाट धनी मानिसहरु के चाहन्छन् ?, मध्यम धनीहरु के चाहन्छन् ? खर्च गर्न सक्ने मानिसहरु केमा खर्च गर्न चाहन्छन् ? आदि बारे गम्भीर अध्ययन अनुसन्धान गर्न जरुरी हुन्छ ।

हामीले पर्यटन क्षेत्रको विकास नगरी भएकै छैन । त्यसका लागि कम्तीमा तीन वर्ष राष्ट्रकै ध्यान एकीकृत गरिनु पर्छ । पर्यटन प्रवर्द्धनका लागि नागरिक स्तरमै अभियान सञ्चालन गरिनु पर्छ । स्तरीय होटेल निर्माण गरिरहेका व्यवसायीहरुलाई प्रोत्साहित गर्नु पर्छ । स्थानीय पालिकाहरु मार्फत् गाउँगाउँमा होमस्टेको विकाससँगै सरसफाई अभियान सञ्चालन गरिनुपर्छ । विमानस्थलबाट उत्रिनासाथ या नेपाली भूमिमा प्रवेश गर्नासाथ उनीहरुमा पर्ने नकारात्मक प्रभावबाट जोगाउन सहरहरु हरबखत सफा राखिनुपर्छ । राजमार्ग छेउछाउमा सरसफाइ गरेर फूल या बोटबिरुवा रोपिनु पर्छ । राजमार्ग आसपास फोहर फाल्नेलाई दण्डित गरिनु पर्छ । राजमार्ग आसपासका होटेलहरुमा बेचिने खानाको गुणस्तर र तिनले गर्ने रुखो व्यवहारमा एकदमै कडा निगरानी राखिनु पर्छ ।

हाम्रो देश भनेको आदिकालदेखि ऋषीमुनिहरुले तपस्या गरेको तपोभूमि हो । यस्ता तपोभूमिमा अहिले पनि कयौं साधुसन्तहरु तपस्या गरिरहेका भेटिन्छन् । इलामको सलकपुर भृङ्गी ऋषीले तपस्या गरेको ठाउँ हो भने बराहक्षेत्र मास्तिरको राजारानी अर्को तपोभूमि हो । कौशिकी नदी किनारमा बसेर तपस्या गरेका बेला ऋषी विश्वामित्रले पहिलोपटक गायत्री मन्त्र पाएको विश्वास गरिन्छ । काठमाडौंको पशुपतिनाथमा त महाभारतकालमा अर्जुन नै आएर पाशुपतास्त्रका लागि साधना गरेका थिए । उनका दाजु भीम र भाउजू हिडिम्बाले तपस्या गरेको ठाउँ अहिलेको हेटौंडा हो । हिडिम्बालाई अहिले भुटनदेव भिनेर पुज्ने गरिन्छ ।

त्रेता युगका राजा जनकको तपोभूमि जनकपुर, रामका भाइ भरतले देह त्याग गरेको ठाउँ म्याग्दीको गलेश्वर धाम, ऐतिहासिक कालका मूर्ति नै मूर्ति भेटिने सर्लाहीको मुर्तिया, सिन्धुपाल्चोक, म्याग्दी, जुम्ला आदि जिल्लामा रहेका तातोपानीका कुण्डहरु हाम्रा अनमोल सम्पदाहरु हुन् । बाबा पशुपतिनाथको महिमाका बारेमा हामीले हिन्दू भक्तजनहरुमा प्रचारप्रसार गरिराख्नै पर्दैन । मात्रै मन्दिर क्षेत्रलाई व्यवस्थित गर्न र यहाँ आएकाहरुलाई दक्षिणकाली, हलेसी, मुक्तिनाथ आदि क्षेत्रमा पनि जाउँजाउँ लाग्ने बनाउन जरुरी छ ।

दक्षिण भारतमा जन्मिएका स्वामी गोविन्दानन्द भारतीले काठमाडौं उपत्यका मास्तिरको शिवपुरीमा ४० बसेर तपस्या गरेका थिए । त्यहाँ बसेर तपस्या गरेकै कारण उनी पछिल्लो समय शिवपुरीबाबा भनेर कहलाइएका थिए । उनी १३५ वर्ष बाँचेर बितेका थिए । जीवित छँदा उनलाई भेटेर आशीर्वाद लिन तत्कालीन भारतीय राष्ट्रपति राधाकृष्णनन् समेत पुगेका थिए । मृगस्थलीमा रहेको उनको समाधिस्थल र उनको तपस्यास्थलको मात्रै प्रचार गर्ने हो भने पनि हामी भारतबाट हजारौं तीर्थयात्रु ल्याउन सक्छौं ।

हिमाञ्चल प्रदेशको कुनै सरकारी अस्पतालमा चिकित्सक रहेका खप्तडबाबाले वर्षौं बसेर साधना गरेको खप्तड क्षेत्र, पाइलटबाबाले तपस्या गरेर सिद्धि प्राप्त गरेको मकवानपुरको राप्ती किनार क्षेत्र आदिको यथोचित प्रचारप्रसार हुनै सकेको छैन । काठमाडौंमा नागार्जुन, दक्षिणकाली, शोभाभगवतीजस्ता अनेक ठाउँ छन्, जुन तन्त्र साधनासिद्धिका लागि प्रसिद्ध छन् । स्वयम्भू बुद्ध धर्मका अनुयायीहरुको तन्त्र साधना गर्ने अर्को प्रसिद्ध स्थल हो । ताप्लेजुङमा रहेकी देवी पाथीभरा, इलामको माइपोखरी, संखुवासभाको सभापोखरी, खोटाङको हलेसी, दोलखाको कालिञ्चोक, नारायणी किनारको त्रिवेणीधाम, वाल्मीकि आश्रम, देवघाटको व्यास गुफा, व्यासको जन्मभूमि व्यासनगर, मुक्तिनाथ, गलेश्वरधाम, पाणिनी ऋषीले संस्कृत व्याकरणका रचना गरेको ठाउँ अर्घाखाँचीको पणेना, गुल्मीको रिडी क्षेत्र, दाङको स्वर्गद्वारी, सुदुरपश्चिमको खप्तडजस्ता क्षेत्रहरुको यथेस्ट प्रचारप्रसार मात्रै गर्ने हो भने भारतबाट वर्षेनी लाखौंको संख्यामा तिर्थालुहरु भित्र्याउन सकिन्छ ।

बुद्धभूमि लुम्बिनीको विकासमा केही काम भएका छन् । गएको वर्ष भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी आएकाले पनि यस क्षेत्रको केही प्रचार भएको छ । तर त्यो क्षेत्रमा हामीले भौतिक पूर्वाधारको विकास अझै गर्न सकेका छैनौं । लुम्बिनीमा जन्मेका गौतम बुद्ध र स्वयम्भूमा तपस्या गर्ने स्वयम्भू बुद्धका बारेमा लेखिएका ऐतिहासिक पुस्तकहरुलाई पुनःमुद्रण गरेर थाइल्याण्ड, बर्मा, जापान, भुटान आदि देशहरुमा प्रचारप्रसार गर्ने हो भने वर्षेनी लाखौं पर्यटक भित्र्याउन सक्छौं ।

पर्यटन क्षेत्रको विकासका लागि यी कामहरु गरिरहँदा सङ्घीय सरकारले चाहिँ बाटाघाटाको गुणस्तर सुधारमा ध्यान केन्द्रित गर्नुपर्छ । खाल्टाखुल्टीयुक्त बाटाघाटाका कारण विदेशी मात्रै होइन, आन्तरिक पर्यटकहरुले समेत कष्ट पाउने गरेका छन् । विदेशीहरुमा त असाध्यै नराम्रो छाप पर्ने गरेको छ । अगामि दिनमा यस्तो हुन नदिन गुणस्तरीय बाटाघाटा निर्माणमा जोड दिइनु पर्छ । यहाँ आएका पर्यटकले सकारात्मक प्रभाव बोकेर फर्किए भने तिनले गर्ने प्रचारले हाम्रो पर्यटन क्षेत्रको भविष्य उज्ज्वल बनाउँछ ।

हामीकहाँ आन्तरिक भ्रमणमा स्वतःस्फुर्त रुपमा निस्कनेहरुको संख्या पनि वर्षेनी बढिरहेको छ । यसलाई हामीले ग्रामीण भेगहरुसम्म लाने र व्यवस्थापन गर्ने जमर्को मात्रै गर्न सक्यौं भने पनि अर्थतन्त्र चलयमान हुन योगदान पुग्छ ।

विदेशी मुद्रा आर्जन गर्न सकिने अर्को क्षेत्र अस्पतालहरुको बिस्तार पनि हो । विगत केही वर्षदेखि लाहानको चौधरी आँखा अस्पताल, धरानको विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र झापाका आँखा अस्पतालहरुमा पाइने गुणस्तरीय उपचारका लागि भारतको बिहार, पश्चिम बंङ्गाल, असमसहित उत्तर-पूर्वी भारतका मानिसहरु आउने गरेका छन् । त्यसरी आउनेहरुलाई यातायात मजदूर, होटेल लज व्यवसायी आदिबाट सम्मानजनक व्यवहार हुन सकेको छैन । त्यसरी आउनेहरुलाई आफू ठगिएको महसुस हुन नदिन राज्यका निकायहरुले पहल गर्नुपर्छ । व्यवसायीहरुलाई सचेत बनाउँदै दण्ड जरिवानाको व्यवस्थामा कडाइ गर्नुपर्छ । त्यससँगै मधेसका सीमावर्ती क्षेत्रहरुमा रहेका अस्पतालहरुलाई सुविधासम्पन्न र गुणस्तरीय सेवा दिन योग्य बनाउने हो भने त्यहाँका मानिसहरुको जीवनस्तर सुधार्न अरु केही गरिराख्नै पर्दैन ।

देशलाई समृद्ध बनाउने अर्को आधार भने उद्योग हो । हामीकहाँ उद्योगमैत्री वातावरण नभएकै कारण हाम्रा उद्योगी व्यापारीहरु नयाँ उद्योग खोल्न हिचकिचाउने गरेका छन् । विदेशमा पुँजी लगेर लगानी गर्न बाध्य भइरहेका छन् । यो स्थिति आउनुको पहिलो कारण सरकारको गलत नीति, दोस्रो मजदूर संगठनहरु हुन् भने तेस्रो सरकारी कर्मचारी र दलका भातृसंगठनहरुले उनीहरुप्रति गर्ने गलत व्यवहार हो । केही दलहरुले त आम जनमानसमा उद्योगी व्यापारी र पूँजीपतिहरु भनेका सबै दलाल, फटाहा र करमारा मात्रै हुन् भन्ने मानसिकताको विकास गरिदिएका छन् । त्यो समुदायभित्र वदमास र करमाराको संख्या केही होला तर ती केहीका कारण सिङ्गो समुदायलाई अपमानजनक दृष्टिले हेरिनु हुन्न ।

देशलाई समुन्नतिको बाटो तर्फ लैजाने हो भने उद्योगी व्यापारीहरुहरुप्रति सम्मानजनक व्यवहार गर्दै देशमै लगानी गर्ने वातावरण सिर्जना गरिनुपर्छ । उद्योग दर्ता, नविकरण या अन्य काम गर्दा उनीहरुले कुनै प्रकारको पनि बाधा या अड्चन व्यहोर्नु नपर्ने सिस्टमको विकास गरिनुपर्छ । त्योभन्दा पनि पहिलाचाहिँ उद्योगीहरुको आम भेला गरेर उनीहरुले भोगिआएका समस्या सुन्नु पर्छ । उद्योगमैत्री वातावरण बनाउन केके गर्न जरुरी छ भनेर उनीहरुलाई नै सोध्नु पर्छ । तिनको तत्काल समाधान गर्नका लागि सम्बन्धित निकायहरुलाई परिचालित गर्नुपर्छ । त्यसका लागि औधोगिकीकरणको दशक भनेर अभियानै सञ्चालनै गर्नु परे पनि सरकार पछि पर्न हुन्न ।

अब हामी यति गरेर हेरौं त, देश कसरी समुन्नत नहुँदोरहेछ !

तर यी काम गर्नुभन्दा अघि हामीले देशको पछौटेपनको कारक बनेका राजनीतिक विचौलियाहरुलाई कुनै न कुनै माध्यमले ठेगान लगाउन जरुरी छ ।

Email:
rajeshahiraj@gmail.com

*समाप्त*



## सिरहामा जसपालाई ठूलो धक्का

काठमाडौं । सिरहा जिल्लामा जनता समाजवादी पार्टी नेपाललाई ठूलो धक्का लागेको छ । जसपाका दर्जनौं नेता कार्यकर्ता पार्टी परित्याग गरी लोकतान्त्रिक समाजवादी पार्टी नेपालमा प्रवेश गरेका छन् । सिरहाको निर्वाचन क्षेत्र नं. ३ र ४ का सक्रिय नेता कार्यकर्ताहरु लोसपामा प्रवेश गरेका हुन् । आइतबार लोसपाको केन्द्रीय कार्यालयमा जसपाका प्रदेश सदस्य, जिल्ला सदस्य र नगर सदस्यसहित १५ जना नेता कार्यकर्ता पार्टी प्रवेश गरेका छन् ।

सिरहाका पवन कुमार भण्डारी, पचलाल महतो, सुबोध कुमार सिंह, रोहित महतो, संजीव कुमार यादव, देवेन्द्र कुमार महतो, कुलानन्द झा, कुशेश्वर प्रसाद महतो लगायतले जसपा परित्याग लोसपाको सदस्यता ग्रहण गरेका छन् । नवप्रवेशीहरुलाई लोसपाका अध्यक्ष महन्थ ठाकुर, वरिष्ठ नेता राजेन्द्र महतो, नेता डा.सुरेन्द्र झालगायतले पार्टीमा स्वागत गरेका छन् ।

जसपा सिरहामा चरम गुटबन्दी, अवसरवाद हावी भएको भन्दै पार्टी परित्याग गरेको जसपाका मधेश प्रदेश समिति सदस्य संजीव कुमार यादवले आरोप लगाउँदै पार्टी परित्याग गरेका हुन् । उनले जसपा नेतृत्वले मधेशको एजेण्डाप्रति इमान्दारिता नदेखाएको र चाप्लुसी गर्नेहरुलाई बढी स्थान दिने गरेको आरोपसमेत लगाए । उनले मधेशको एजेण्डामा लोसपा मात्र इमान्दार रहेको भन्दै आफू लगायतका नेताहरु लोसपामा प्रवेश गरेको बताएका छन् ।

## संक्षिप्त समाचार

### पर्सा १ (ख) मा मुख्यमन्त्री राउत सिफारिस

वीरगन्ज । पर्सा निर्वाचन क्षेत्र नं. १ (ख) बाट प्रदेशसभा सदस्यका लागि जनता समाजवादी पार्टी नेपालले मधेश प्रदेशका मुख्यमन्त्री मो. लालबाबु राउत गद्दीलाई उम्मेद्वार सिफारिस गरेको छ । मुख्यमन्त्री राउतलाई पर्सा क्षेत्र नं १ को (ख) बाट प्रदेशसभा सदस्यका लागि एकल नाम सिफारिस गरेको हो । गत २०७४ को चुनावबाट तत्कालीन संघीय समाजवादी फोरम नेपालबाट फराकिलो मतान्तरसहित विजयी भएका थिए ।

### कांग्रेसका मधेश प्रदेश सभापति यादव सिफारिस

रौतहट । नेपाली कांग्रेसका मधेश प्रदेशका सभापति कृष्णप्रसाद यादव रौतहट निर्वाचन क्षेत्र नं. १ (ख)बाट प्रदेश सभा सदस्यको उम्मेदवारका लागि सिफारिस भएका छन् । क्षेत्रीय समिति बैठकले सभापति यादवलाई रौतहट क्षेत्र १ 'ख'बाट सर्वसम्मत प्रदेश सभा सदस्यको उम्मेदवारका लागि सिफारिस गरेको हो । यादवले मुख्यमन्त्रीको तयारी स्वरुप प्रदेश सभामा लड्ने तयारी गरेका हुन् । उनको नाम क्षेत्र १ बाट प्रतिनिधि सभाको उम्मेदवारका लागि पनि सिफारिस भएको छ । तर, गठबन्धनले माधव नेपाललाई उम्मेदवारी बनाए उनी प्रदेशबाट लड्नु पर्ने छ ।

### भावी मुख्यमन्त्रीको रूपमा सोनल सिफारिस

काठमाडौं । मधेश प्रदेशको भावी मुख्यमन्त्रीको रुपमा जितेन्द्र सोनल बारा निर्वाचन क्षेत्र नं. ४ (ख) बाट प्रदेशसभा सदस्यका लागि सिफारिस भएका छन् । आगामी मसिर ४ गते हुने निर्वाचनमा बारा क्षेत्र नं ४ को (ख) बाट लोकतान्त्रिक समाजवादी पार्टी नेपालले सोनलको एकल नाम प्रदेशसाभा सदस्यमा सिफारिस गरेको लोसपाकी नेतृ पिंकी यादवले जनाएकी छन् । यादवका अनुसार लोसपाले सोनललाई मधेश प्रदेशको मुख्यमन्त्रीको रूपमा प्रस्तावित गरेको हो ।

### सिरहा ४ (ख) बाट पूर्वराज्यमन्त्री मण्डल सिफारिस

सिरहा । आसन्न मंसिर ४ को आमचुनावका लागि जनता समाजवादी पार्टी नेपालबाट सिरहा निर्वाचन क्षेत्र नं. ४ (ख) बाट मधेश प्रदेशका सांसद एवं पूर्वराज्यमन्त्री सुरेश मण्डल सिफारिस भएका छन् । जसपाको सिरहा निर्वाचन क्षेत्र नं. ४ ले पूर्वराज्यमन्त्री मण्डललाई आगामी चुनावका लागि प्रत्यक्ष उम्मेद्वारको रुपमा सिफारिस गरेको हो । मण्डल यसअघि वि.सं. २०७४ को आमचुनावमा तत्कालीन राष्ट्रिय जनता पार्टी नेपालबाट सिरहा ४ (ख)बाट भारी मतान्तरका साथ विजयी भएका थिए । युवामाझ लोकप्रिय एवं बौद्धिक नेताको रुपमा मण्डल परिचित छन् । मधेश आन्दोलनदेखि विभिन्न आन्दोलनहरुमा मण्डलले सक्रिय सहभागिता जनाउँदै आएका छन् । विद्यार्थी राजनीतिबाट संसदीय राजनीतिसम्म आइपुग्दा उनी एक इमान्दार, स्वच्छ छवि र बौद्धिक युवा नेताको रुपमा देखिँदै आएका छन् । मधेश र समग्र राष्ट्रकै हितमा उनी जोसँग पनि तार्किक बहस गर्न सक्ने क्षमताका व्यक्तित्व मण्डलले राजनीतिलाई पेशाभन्दा पनि समाजसेवाको रुपमा लिएको बताउँछन् । उनी मधेश प्रदेशको राज्यमन्त्री हुँदा आफ्नो निर्वाचन क्षेत्रलगायत प्रदेशभरि नै चर्चित अनुहारको रुपमा देखिएका थिए ।

### भेरी अस्पतालको निर्माणाधीन भवन निरीक्षण

नेपालगन्ज । सहरी विकास मन्त्री मेटमणि चौधरीले नेपालगञ्जस्थित भेरी अस्पतालको निर्माणाधीन भवनको निरीक्षण गरेका छन् । निर्माणाधीन भवनको निरीक्षण गर्दै मन्त्री चौधरीले औंला गनेरै तीन महिनामा काम सक्न निर्देशन दिएका छन् । निर्माण व्यवसायीले पनि तीन महिनाभित्रै काम सक्ने प्रतिबद्धता जनाएका छन् । मन्त्री चौधरीलाई अस्पताल विकास समितिका अध्यक्ष प्रमोद धिताल र मेडिकल सुपरिटेन्डेन्ट डा. बद्री चापागाईंले स्वागत गर्दै अस्पतालले प्रदान गरिरहेको सेवा र समस्याबारे अवगत गराएका थिए ।

### निर्माण व्यवसायी कपिलवस्तुमा अर्याल

कपिलवस्तु । निर्माण व्यवसायी संघ कपिलवस्तुको अध्यक्षमा सरोज अर्याल निर्वाचित भएका छन् । सोमबार भएको मतदानमा अर्याल ८९ मतका साथ विजयी भएका हुन् । अर्यालले चन्द्रशेखर श्रेष्ठलाई पराजित गरेका हुन् । संघको उपाध्यक्षमा तपेश्वरी कहार, द्वितीय उपाध्यक्षमा सुनिल शुक्ला, महासचिवमा शिव दयाल ठाकुर, सचिवमा रमेश मिश्र, कोषाध्यक्षमा लाल मोहर तेली, सह-कोषाध्यक्षमा नलिन गौतम भुसाल निर्वाचित भएका छन् । त्यसैगरी, सदस्यहरुमा अब्दुल गफ्फार दर्जी, पवन अग्रहरी, दिपेन्द्रनाथ शुक्ला, टुक लाल पुन, राज कुमार मिश्रा, पंचम सिंह विजयी भएको जनाइएको छ ।

### डेंगुबाट बालिकाको मृत्यु

कैलाली । डेङ्गुबाट कैलालीको टीकापुरकी एक बालिकाको मृत्यु भएको छ । टीकापुर नगरपालिका वडा नम्बर ६ आमवासाकी १२ वर्षीया बालिकाको मृत्यु भएको टीकापुर नगरपालिका स्वास्थ्य शाखाले जनाएको छ । उनको उपचारका क्रममा बुधबार साँझ नै नेपालगंज भेरी अस्पतालमा मृत्यु भएको हो । सिकिस्त बिरामी भएका कारण बालिकालाई १९ गतेदेखि भेरी अस्पतालको आइसियुमा उपचारका लागि भर्ना गरिएको थियो । यसअघि धनगढी उपमहानगरपालिका वडा नम्बर १२ की ३५ वर्षीया गीता शाहीको डेंगुका कारण मृत्यु भएको थियो ।

### करेन्ट लागेर एक किशोरीको मृत्यु

रौतहट । रौतहटमा करेन्ट लागेर एक किशोरीको मृत्यु भएको छ । गरुडा नगरपालिका वडा नम्बर २ गेडीगुठीमा करेन्ट लगेर १४ वर्षीया अम्बिकाकुमारी सहनीको मृत्यु भएको हो । आइतबार दिउँसो नुहाउन गएका बेला मोटरबाट ह्याण्डपाइपमा करेन्ट प्रवाह भई उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

### ब्राउनसुगरसहित गेष्ट हाउसका सञ्चालक पक्राउ

बाँके । कोहलपुर नगरपालिका-११ दशबिगाहस्थित दैलेखी सुर्खेती आयुष गेष्ट हाउसका संचालक धनपति सुवेदीलाई अवैध लागूऔषध ब्राउनसुगर करिब १ सय ७० मिलिग्राम सहित बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले उनको होटलबाट १ सय ३० मिलिग्राम र सोही नगरपालिका-५ एनसीसीएनस्थित उनको घरबाट ४० मिलिग्राम गरी उक्त परिमाणको ब्राउनसुगर सहित उनलाई पक्राउ गरेको हो ।

### ग्यास चुल्हो तथा सिलिण्डर वितरण

रौतहट । नेकपा एमालेका नेता एवं पूर्वमन्त्री प्रभु साहको "धुवाँ चुल्हो मुक्त अभियान" अन्तर्गत अस्ति शनिबार कटहरिया नगरपालिकाको वडा नम्बर ९ मा झण्डै ५५० घर परिवारलाई ग्यास सिलिन्डर तथा चुल्हो वितरण गरिएको छ । यस ग्यास चुल्हो तथा सिलिन्डर वितरणसँगै अब कटहरिया नगरपालिका पनि धुवाँ चुल्होमुक्त नगर बन्ने निश्चित भएको नेता साहले विश्वास व्यक्त गरेका छ । एमालेको केन्द्रीय सदस्य एवं प्रदेश सांसद कुन्दन कुशवाहा, क्षेत्रीय ईन्चार्ज एवं पूर्वमेयर सियाराम कुशवाहा, युवा संघको प्रदेश सह-ईन्चार्य नरेश तुरहा, नगर कमिटी ईन्चार्ज योगेन्द्र साह, वडाध्यक्ष चन्दन कुशवाहा लगायत जनप्रतिनिधि तथा नेताहरुको उपस्तिथिमा चुल्हो र ग्यास सिलिन्डर वितरण कार्यक्रम गरिएको थियो ।

### धनुषामा दुई किशोरीको शव फेला

धनुषा । धनुषाको नगराइन नगरपालिका-७ स्थित धान खेतमा दुई किशोरीको शव फेला परेको छ । जिल्ला प्रहरी कार्यालय धनुषाको अनुसार नगराइन -७ का स्थानीय १८ वर्षीया पूजा महरा र भारतको मधुवनी जिल्ला हरलाखी घर भई नगराइन-७ मा बस्दै आएकी १९ वर्षीया आरतीकुमारी महराको शव फेला परेको हो । स्थानीयवासी खेतमा जाँदै गर्दा ती किशोरीलाई मृतावस्थामा देखेपछि उनीहरूले प्रहरीलाई खबर गरेका थिए । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले प्रहरी टोलीले किशोरीद्वयको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरधाम ल्याएको जानकारी दिएका छन् ।

# समावेशी आयोगको प्रस्तावनामा मधेशको उपेक्षा

## सन्दर्भ : निजामती सेवा दिवस



अजय कुमार झा

निजामती कर्मचारी कानुन लागू भएकोलाई आधार मानी भदौ २२ का दिन देशभरि विभिन्न कार्यक्रम गरी निजामती सेवा दिवस मनाइन्छ । प्रधानमन्त्री टंकप्रसाद आचार्यले २०१३ साल भदौ २२ गते निजामती ऐन ल्याएको दिन पारेर यो दिवस मनाउन थालिएको हो । तर २०६२ सालमा पहिलो पटक निजामती सेवा दिवस मनाइयो ।

यस दिन नेपाल सरकारले उत्कृष्ट निजामती कर्मचारीहरूलाई निजामती सेवा पुरस्कारबाट पुरस्कृत र पूर्व कर्मचारी अर्थात् सेवा निवृत्तहरूलाई पनि सम्मान गर्ने कार्य गर्दछ । निजामती कर्मचारीलाई पुरस्कारको घोषणा नै यस दिवसको सबैभन्दा बढी महत्वपूर्ण हिस्सा हो । निजामती कर्मचारीलाई उत्साहित र प्रेरित गर्न पुरस्कार दिने चलन चलाइएको हो । तर उत्साहित तुल्याउने भन्दा पनि यो पुरस्कार विवादको विषय बन्दै आएको छ ।

यो वर्ष निजामती उत्कृष्टताको पुरस्कारको विषयसँगै आरक्षण शब्द पनि चर्चाको विषय बनेको छ । आरक्षण, संस्कृत शब्द । सामान्यतया कुनै भूमि वा क्षेत्रलाई कुनै खास विषयको अधिकार क्षेत्रको लागि निरोपित गर्ने क्रिया आरक्षण हो । वन्यजन्तुको सुरक्षा र रूख-बिरुवाहरूको बचाउका निम्ति जंगललाई चारैतिरबाट घेर्नेकाम गरेर घेरिएको क्षेत्रलाई आरक्ष भन्ने गरिएको सर्वसाधारणको बुझाइ छ । यस अर्थमा खासगरी आरक्षण शब्दले कुनै कसैको रक्षा गर्नुपर्ने अर्थ बोध गर्दछ ।

तर यहाँ सरकारी कर्मचारी नियुक्त गर्दा नियुक्त हुने पदहरूमध्ये केही पद कुनै खास समुदाय वा वर्गको लागि सुरक्षित गर्नु वा आरक्षित गर्नु भन्ने बुझिएको छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुक्षेत्रीय र बहुसांस्कृतिक मुलुक हो । तर नेपालका शासकले यस तथ्यलाई आत्मसात् गर्न चाहेनन् र एकल जातीय, एकल भाषीय, एकल लिंगीय र एकल धार्मिक समुदायबाट राज्य सत्ता सञ्चालन गर्दै आए । राज्यका शक्ति, स्रोत र साधनमा एकल जातिको वर्चस्व रह्यो । तर एकै खालको परिस्थिति सधैं रहने कुरा हुँदैन । परिवर्तन एक स्वाभाविक प्रक्रिया हो ।

राज्यको स्वरूप असमावेशी छ भनेर मुलुकमा राज्यको चरित्रमा परिवर्तनका लागि विभिन्न खाले आन्दोलन भए । राज्य सबैको साझा संस्था हो भन्ने कुरा नागरिकको कर्तव्यको अध्यायमा मात्र होइन, अधिकारमा पनि देखिनुपर्छ भनेर अनेक संघर्ष भए । राज्यले कुनै पनि नागरिकलाई धर्म, लिंग, जात, वंश, रङ, उत्पत्ति वा अन्य कुनै आधारमा विभेद गर्न सक्दैन भन्ने मान्यता स्थापित हुँदै गयो ।

राज्यका साधन-स्रोतको न्यायोचित वितरण तथा राज्य सञ्चालन प्रक्रियामा सबै क्षेत्र, समुदाय र लिंगका नागरिकको सहभागिता तथा प्रतिनिधित्व सुनिश्चित गर्दै मूलप्रवाहीकरण गर्ने विधि स्थापित गरियो, जसलाई समावेशिता भनियो । यही समावेशिता आरक्षण हो । यही आरक्षण अहिले चर्चा र बहसको शीर्षमा पुगेको छ ।

राष्ट्रिय समावेशी आयोगले आरक्षण व्यवस्थालाई अल्पकालीन व्यवस्थाको रूपमा लिएर जतिसक्दो छिटो अन्त्य गर्नुपर्ने बताएपछि यो कुरामाथि बहस हुन थालेको हो । आरक्षण सम्बन्धी चर्चा/परिचर्चा व्यापक भएको छ । कोही आरक्षणको विपक्षमा र कोही आरक्षणको पक्षमा बोलिरहेका छन् ।

सरकारले २०६२/६३ को आन्दोलनको सफलतापछि जनआन्दोलनको भावनालाई बुझेर २०६४ सालदेखि आरक्षण नीति अँगाल्यो । पछि २०७२ मा नयाँ संविधान लागू भएपछि संवैधानिक आयोगको रूपमा राष्ट्रिय समावेशी आयोग खडा गरियो, जसको काम सरकारले तर्जुमा गरेका नीति, ऐन, नियम तथा कार्यक्रम कार्यान्वयनको लेखाजोखा एवं समीक्षा गर्ने, लक्षित वर्गको हक-अधिकारको संरक्षण गर्न सरकारलाई सुझाव दिनु थियो । तर राष्ट्रिय समावेशी आयोगले नै आरक्षणको खिलाफमा बोल्न थालेपछि आयोगलाई 'रक्षक नै भक्षक' भन्न थालिएको छ ।

आयोगले निजामती र स्वास्थ्य सेवामा सञ्चालित व्यवस्थालाई लिएर अध्ययन गरिएको आधारमा सार्वजनिक गरेको प्रतिवेदनमा आरक्षण व्यवस्थालाई अल्पकालीन व्यवस्थाको रूपमा ग्रहण गरी जतिसक्दो छिटो अन्त्य गर्नुपर्दछ भन्ने सुझाइएको छ । आन्तरिक प्रतिस्पर्धातर्फको बढुवा व्यवस्थामा रहेको आरक्षणको व्यवस्था समेत हटाउनुपर्दछ र बढुवाका कुनै पनि गतिविधिमा आरक्षणको व्यवस्था समावेश गर्नुहुँदैन भनेर भनिएको छ । प्रतिवेदनले आरक्षण नै खारेज गर्न वा हटाउन सुझाएपछि आयोगको चौतर्फी विरोध हुन थालेको हो ।

निजामती र नेपाल स्वास्थ्य सेवाअन्तर्गत विगत चौध वर्षमा लोक सेवा आयोगले ३९ हजार ९७९ जना उम्मेदवार सिफारिस गरेको छ । त्यसमध्ये १४ हजार ९५६ अर्थात् ३७.४० प्रतिशत आरक्षणअन्तर्गत सिफारिस भएका हुन् । समावेशी आयोगले तयार गरेको प्रतिवेदन अनुसार आरक्षितमध्ये महिला ५ हजार १६० जना अर्थात् १२.९ प्रतिशत, आदिवासी/जनजाति ४ हजार ५७ जना अर्थात् १०.१४ प्रतिशत, मधेशी ३ हजार १९९ जना अर्थात् ८ प्रतिशत, दलित १ हजार ३०८ जना अर्थात् ३.२७ प्रतिशत, अपाङ्गता भएका ६९८ जना अर्थात् १.७४ प्रतिशत र पिछडिएको क्षेत्रका ५३४ जना अर्थात् १.३३ प्रतिशत छन् । राष्ट्रिय समावेशी आयोगलाई यो तथ्यांकले दिक्क बनायो ।

नेपालको संविधानले प्रस्तावनामार्फत यो देश बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधता बीचको एकता, सामाजिक-सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानको धारा २५८ मा राष्ट्रिय समावेशी आयोग गठनसम्बन्धी व्यवस्था गरेको छ ।

धारा २५९ ले राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार तोकेको छ । जसअनुसार खस आर्य, पिछडा वर्ग, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायको हकअधिकारको संरक्षणका लागि अध्ययन तथा अनुसन्धान गर्ने, ती समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि नेपाल सरकारले अवलम्बन गरेको नीति तथा कानुनको कार्यान्वयन अवस्थाको अध्ययन गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने, ती समुदाय, वर्ग र क्षेत्रको राज्य संयन्त्रमा उचित प्रतिनिधित्व भए/नभएको अध्ययन गरी त्यस्तो समुदाय, वर्ग र क्षेत्रको प्रतिनिधित्वका लागि गरिएको विशेष व्यवस्थाको पुनरावलोकन गर्न नेपाल सरकारलाई सुझाव दिने, ती समुदाय, वर्ग र क्षेत्रको संरक्षण, सशक्तीकरण र विकास सन्तोषजनक भए/नभएको अध्ययन गरी भविष्यमा अवलम्बन गर्नुपर्ने नीतिको सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने, कर्णाली र पिछडिएको क्षेत्रको विकास र समृद्धिका लागि अवलम्बन गर्नुपर्ने नीति र कार्यक्रमको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने, अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय सम्बन्धी कानुनमा समयानुकूल परिमार्जनका लागि सिफारिस गर्ने, अल्पसंख्यक तथा सीमान्तीकृत समुदायका लागि प्रत्याभूत हकअधिकारको कार्यान्वयन स्थिति अनुगमन गरी आवधिक रूपमा हुने राष्ट्रिय जनगणना तथा मानव विकास सूचकांक सम्बन्धी प्रतिवेदनको आधारमा आवश्यक पुनरावलोकन गरी परिमार्जनका लागि सिफारिस गर्ने जस्ता काम तोकिएको छ । तर लक्षित समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि कार्यभार दिइएको आयोगले उल्टो-उल्टो कार्य गर्न थालेपछि उसको विरोध हुनु स्वाभाविक हो । समावेशी आयोगबाट गैरसमावेशी विचार प्रकट हुनुले सबै आश्चर्यचकित भएका छन् । तर आयोगमा असमावेशी पदाधिकारीहरूको नियुक्तिले असमावेशी विचारको उत्पत्ति हुनु अस्वाभाविक नभएको मानिंदैछ ।

संविधानले सामाजिक न्यायको हकको व्यवस्था गर्दै सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक प्रदान गरेको छ । यिनै सामाजिक न्यायको हकको प्रचलन, अध्ययन, अनुगमन, मूल्यांकन तथा सुझावका लागि विभिन्न आयोगको गठन गरेको छ । जस्तै- महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू र मुस्लिम आयोग आदि ।

साथै समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य-व्यवस्थाको स्थापना गर्ने तथा परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाइहरूबीचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्नु राज्यको राजनीतिक उद्देश्य तय गरिएको छ । तर समानुपातिक समावेशीकरणको अभियानका लागि मेरुदण्ड मान्न सकिने राष्ट्रिय समावेशी आयोग नै फरक मार्ग अवलम्बन गर्न थालेपछि समावेशीकरण अभियानको दशा र दिशामाथि प्रश्न उत्पन्न हुन थालेको छ ।

भारतीय लेखक तथा प्राध्यापक अश्विनी देशपाण्डेका अनुसार समाजका महत्वपूर्ण स्थानहरूमा विभेदमा पारिएका वा न्यून प्रतिनिधित्व भएका समुदाय, जातिलाई राज्यको मूलप्रवाहमा ल्याउने उपाय समावेशिता हो । आरक्षण सामाजिक समावेशीकरण वा सकारात्मक विभेदको एउटा अंश हो । संरचनागत रूपमा पछाडि पारिएका वर्ग/समुदायलाई अन्यसरह राष्ट्रको मूलधारमा ल्याउन केही समयका लागि अपनाइने प्रणाली (सकारात्मक विभेद) आरक्षण हो । राज्यका हरेक निकायमा समानता सुनिश्चित गर्न पछाडि पारिएका वर्ग वा समूहलाई समेत अवसर वा सुविधा प्रदान गर्न गरिएको प्रबन्ध नै आरक्षण हो ।

आरक्षणको सन्दर्भ नेपालमा मात्र होइन, संसारका सबै देशमा रहेको छ । आरक्षणको विषय सरकारी रोजगारीको विषयमा मात्र सीमित नभई राज्य र सरकारको प्रत्येक नीति र कार्यक्रममा समाहित रहने विषय हो ।

समावेशीकरण वा आरक्षण २१औं शताब्दीको मूल कार्यभार हो । समावेशीकरण र यसको उपायको रूपमा रहेको आरक्षण संसारमा तबसम्म रहन्छ, जबसम्म समानताको स्थिति निरपेक्षताको सर्वोच्च बिन्दुमा पुग्दैन ।

आरक्षणको सर्वव्यापी मान्यता के हो भने मानवीय संसाधनको विकास प्रक्रियामा पछाडि परेका वा पारिएका समुदायको स्वाभाविक प्रक्रियामा जाँदा राज्यको मूलधारमा प्रतिनिधित्व र सहभागिता हुन पाउँदैन । उनीहरूको सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने सबैभन्दा सर्वसुलभ र भरपर्दो माध्यम भनेको आरक्षण नै हो । आरक्षण राष्ट्र निर्माणको एउटा तत्व पनि हो । राष्ट्रका सबै तह र तप्काले राष्ट्रनिर्माणमा आफ्नो प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्न पाउनुपर्छ ।

सरकारी सेवा तथा संस्थामा पर्याप्त प्रतिनिधित्व नभएका पिछडिएका समुदाय र अनुसूचित जाति तथा जनजातिको सामाजिक तथा शैक्षिक पछौटेपन हटाउनका लागि भारतले कानुनमार्फत सरकारी तथा सार्वजनिक क्षेत्रका एकाइहरूलाई समावेशी बनाउने व्यवस्था गरेको छ ।

धार्मिक/भाषिक अल्पसंख्यक शैक्षिक संस्थाहरू, सबै सार्वजनिक र निजी शैक्षिक संस्थाहरूमा पद र सिटहरूको प्रतिशत आरक्षणको लागि कोटा प्रणाली प्रदान गरिएको छ । आरक्षण नीतिलाई भारतको संसद्बाट अनुसूचित जाति र अनुसूचित जनजातिको प्रतिनिधित्वमा पनि विस्तार गरिएको छ । भारतको केन्द्र सरकारले उच्च शिक्षामा २७ प्रतिशत आरक्षण दिएको छ । राज्यहरू आरक्षण बढाउने कानुन बनाउन स्वतन्त्र छन् । भारतको सर्वोच्च अदालतको निर्णय अनुसार, आरक्षण ५० प्रतिशत भन्दा बढी हुन सक्दैन, तर राजस्थान जस्ता केही राज्यहरूले ६८ प्रतिशत आरक्षण प्रस्ताव गरेका छन्, जसमा उच्च जातिहरूको लागि १४ प्रतिशत समावेश छ ।

पहिचान योग्य समूहको न्यून प्रतिनिधित्व भारतीय जाति व्यवस्थाको विरासत थियो । भारतको स्वतन्त्रतापछि, भारतको संविधानले पहिलेका केही समूहलाई अनुसूचित जाति (एससी) र अनुसूचित जनजाति (एसटी) को रूपमा सूचीबद्ध गऱ्यो । संविधान निर्माताहरूले जातीय व्यवस्थाका कारण अनुसूचित जाति र जनजातिहरू ऐतिहासिक रूपमा पिछडिएको र भारतीय समाजमा उनीहरूलाई सम्मान र समान अवसर नदिने भएकाले राष्ट्र निर्माणका गतिविधिमा उनीहरूको सहभागिता कम थियो । संविधानले सरकारी-सहायता प्राप्त शैक्षिक संस्था र सरकारी/सार्वजनिक क्षेत्रका जागिरहरूमा रिक्त सिटहरूमा अनुसूचित जाति र जनजातिहरूका लागि १५ प्रतिशत र ७५ प्रतिशत आरक्षण थियो । पछि, अन्य वर्गहरूको लागि पनि आरक्षण लागू गरियो ।

सन् १९७९ मा आरक्षण व्यवस्था सुनिश्चित गर्न जनता पार्टीको सरकारले मण्डल आयोग गठन गरेको थियो । यस आयोगको कार्यक्षेत्र सामाजिक र आर्थिक रूपमा पिछडिएको पहिचान गर्नु थियो । विन्देश्वरी प्रसाद मण्डलको अध्यक्षतामा आयोग गठन भएकाले मण्डल आयोग भनिएको थियो । मण्डल आयोगको प्रतिवेदनले धर्मको र सामाजिक तथा शैक्षिक पछौटेपनको आधारमा आरक्षणको सिफारिस गरेको थियो । सन् १९९० मा विश्वनाथ प्रताप सिंहले उक्त सिफारिस लागू गऱ्यो । आरक्षण व्यवस्था लागू गर्दा तत्काल तीव्र प्रतिक्रिया भयो तर विस्तारै यसको उद्देश्य र मर्म स्पष्ट हुँदै गएसँगै प्रतिक्रिया साम्य हुँदैगयो । भारतमा अरू पनि सामाजिक, आर्थिक आन्दोलन भए । फलस्वरुप आज भारत विभेदको स्थिति समाप्तिको बिन्दुमा पुगेको छ ।

नेपालमा आरक्षण आन्दोलनको सूत्रपात राणाशासनको समाप्तिसँगै भएको थियो । त्यतिबेला मधेश जनक्रान्तिकारी दलका अध्यक्ष रघुनाथ ठाकुरले शैक्षिक आरक्षणको माग गर्दै राजा त्रिभुवनको दरबार अगाडि धर्ना दिएका थिए । राजाले माग स्वीकार गरे पनि त्यसको कार्यान्वयनमा निरन्तरता हुन सकेन । त्यसलगत्तै उनले भारतको संसद् अगाडि प्रदर्शन गरे । उनले दिउँसै पेट्रोमेक्स बाली टाउकोमा बोकेर प्रदर्शन गरेका थिए- विभेदपूर्ण अराजक व्यवस्था र अवस्था नेपाली शासकलाई दृष्टिगोचर हुनसकोस् ।

गजेन्द्रनारायण सिंहले पछि आरक्षण आन्दोलनलाई निरन्तरता दिएका थिए । सिंहको आरक्षण आन्दोलन पछि मधेश आन्दोलनको मूल चरित्रमा स्थापित भएर गयो । २०६२/६३ को आन्दोलनले परिवर्तनको जुन लक्ष्य स्थापित गऱ्यो, आरक्षण त्यसमा एक महत्वपूर्ण बुँदा बन्न पुग्यो । त्यसैले २०६२/६३ को परिवर्तनपछि तत्कालै गर्नुपर्ने कामको रूपमा समावेशी ऐन, २०६४ ल्याइयो ।

आरक्षण आन्दोलनको अवधारणा निर्माण गर्नुदेखि लिएर आरक्षण आन्दोलनलाई उत्कर्षमा पुऱ्याउँदै राज्यलाई आरक्षण नीति अँगाल्न बाध्य पार्ने काम मधेशले गऱ्यो । तर नेपालको संविधानले त्यसैको आधारमा समावेशी आयोग बनाउँदा आयोगको मूल कर्तव्यमा अरू सबै वर्ग समुदायको नाम लिइयो । तर जान-अञ्जान मधेशको नाम लिइएन । समावेशी आयोग गठनको प्रस्तावनामा खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक, सीमान्तीकृत समुदाय, पिछडिएको वर्ग एवं कर्णाली तथा आर्थिक रूपले विपन्न समुदायको हकअधिकारको संरक्षणका लागि भन्दै गर्दा मधेशको नाम लिन आवश्यक ठानिएन । अथवा एक प्रकारले मधेशप्रति पूर्वाग्रह राखी प्रतिशोध लिने काम भयो ।

नेपालको सन्दर्भमा आरक्षण राष्ट्र निर्माणको प्रोजेक्ट हो । नेपाललाई समावेशी राष्ट्र बनाउने कि नबनाउने, राज्यका निकायहरूमा प्रतिनिधित्व गराउने कि नगराउने सवाल प्रमुख हो । त्यसकारण नेपालको सन्दर्भमा आरक्षण भनेको कुनै अमूक वर्ग र समुदायलाई लाभ दिनेभन्दा पनि यससँग बृहत्तर सन्दर्भ जोडिएका छन् । यसलाई बृहत्तर आलोकमा हेरिनु आवश्यक छ ।

अब फेरि निजामती सेवा दिवसको कुरा । निजामती सेवा दिवसको मुख्य कार्यको रूपमा रहेको निजामती उत्कृष्टताको पुरस्कारको वितरण कार्य पनि असमावेशी हुने गरेको छ । पुरस्कारका लागि कर्मचारी छान्दा सेवा अवधि, उनीहरूको कार्यसम्पादन, इमानदारी लगायतलाई आधार बनाइन्छ । तर समावेशी सिद्धान्तलाई अंगीकार गरिंदैन । ८६ हजार कर्मचारीमध्येबाट उत्कृष्टताको आधारमा ४१ जना कर्मचारीको छनोट गर्ने कार्य सजिलो हुन सक्दैन । पुरस्कारका लागि कर्मचारी छनोट गर्ने विद्यमान विधि पनि उपयुक्त छैन । सेवा अवधि, कार्यसम्पादन मूल्याङ्कन, इमानदारीका आधार मात्र पर्याप्त छैनन् । कर्मचारीलाई पुरस्कार वितरण अधिकारमा संघीय सरकारको एकलौटी पनि उचित छैन । स्थानीय सरकार र प्रदेश सरकारलाई पनि यो अधिकार हुनुपर्छ । पुरस्कार वितरणमा सातवटै प्रदेश र ७७ वटै जिल्लाको उपस्थिति देखिनुपर्छ । उत्कृष्ट निजामती पुरस्कारलाई राजपत्राङ्कित तहमा र निजामती सेवा पुरस्कारलाई राजपत्र अनङ्कित तहमा सीमित गर्नुको औचित्य छैन । कि त विभूषण सम्बन्धी व्यवस्था झैं तहगत रूपमा पुरस्कारको स्थापना हुनुपर्छ ।

निजामती पुरस्कारप्रतिको दृष्टि र भाव भनेको रकमको अर्थमा कम र सम्मानको अर्थ बढी हुन्छ । धेरै राशि राखेर थोरै कर्मचारीलाई सम्मानित गर्नुभन्दा थोरै राशि राखेर धेरै कर्मचारीलाई सम्मानित गर्नु उचित छ । पुरस्कार दिनुको एकमात्र अर्थ कर्मचारीको हौसला बढाउनु हो । ७७ जिल्लामा ४० जना मात्र पुरस्कृत हुँदा बाँकीका जिल्लालाई ठेस लाग्न सक्छ । उनीहरूमा नैराश्यताले बास गर्न सक्दछ । पुरस्कारका लागि निवेदन पर्नेको संख्या बर्सेनि घट्दै जानुको कारण पनि त्यही नैराश्यता नै हो ।

निजामती पुरस्कार वितरणमा पनि समावेशीकरण सिद्धान्तको प्रयोग हुनुपर्छ । पुरस्कारको प्राप्तिमा महिला, आदिवासी, जनजाति, मधेशी, दलित, अपाङ्गता भएका व्यक्ति र पिछडिएको क्षेत्रका व्यक्ति गरी सबै क्षेत्रको हक पुग्ने स्थिति हुनुपर्दछ । प्रत्येक सरकारले आफ्नो मातहतका कर्मचारीलाई आफूप्रति समर्पित बनाइराख्ने र उनीहरूको हौसला अभिवृद्धि गर्न दण्ड र पुरस्कार वितरणको नीति अपनाउनु आवश्यक छ ।

*(लेखक, नेपाल मधेशी निजामती कर्मचारी मञ्च सप्तरी जिल्ला अध्यक्ष हुनुहुन्छ ।)*


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायनिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

मधेश प्रदेश, धनुषा, नेपाल

इमेल : malcprovince2@gmail.com




## विश्व परिवेश

# रसियासँग ऊर्जाको क्षेत्रमा सहयोगको अपार सम्भावना : मोदी



रसियासँग ऊर्जाको क्षेत्रमा सहयोगको अपार सम्भावना रहेको भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बुधबार बताएका छन् ।

भारत पनि आर्कटिक विषयहरूमा रूससँग आफ्नो साझेदारीलाई बलियो बनाउन इच्छुक छ, उनले रूसी शहर भ्लादिभोस्तोकमा आयोजित पूर्वी आर्थिक मञ्चमा अनलाइन पूर्ण सत्रलाई सम्बोधन गर्दै भने।

प्रधानमन्त्री मोदीले युक्रेन द्वन्द्व अन्त्य गर्न शान्तिपूर्ण प्रयासका लागि आह्वान दोहोर्‍याउने अवसरको प्रयोग गरे। कार्यक्रममा रुसी राष्ट्रपति भ्लादिमिर पुटिन पनि सहभागी हुनेछन् ।

२०१९ मा फोरम शिखर सम्मेलनमा आफ्नो सहभागिताको स्मरण गर्दै, प्रधानमन्त्री मोदीले भने कि भारतले त्यसबेला आफ्नो " सुदूर पूर्व कार्य गर्नुहोस् " नीति घोषणा गरेको थियो र यसको परिणाम स्वरूप, रूसको सुदूर पूर्वसँग विभिन्न क्षेत्रमा भारतको सहयोग बढेको छ। आज, यो नीति भारत र रुसको "विशेष र विशेषाधिकार प्राप्त रणनीतिक साझेदारी" को मुख्य स्तम्भ बनेको छ, उनले भने।

"भारत आर्कटिक मुद्दाहरूमा रूससँग आफ्नो साझेदारीलाई सुदृढ गर्न इच्छुक छ। ऊर्जाको क्षेत्रमा पनि सहयोगको अपार सम्भावना छ। ऊर्जाको साथसाथै, भारतले रूसी सुदूर पूर्वमा फार्मा र हीराको क्षेत्रमा पनि महत्वपूर्ण लगानी गरेको छ, ' प्रधानमन्त्री मोदीले भने ।

कोकिङ कोलको आपूर्तिबाट रुस भारतीय स्टिल उद्योगका लागि महत्वपूर्ण साझेदार बन्न सक्ने उनले बताए ।

"प्रतिभाको गतिशीलतामा पनि हामीले राम्रो सहयोग गर्न सक्छौं। भारतीय प्रतिभाले विश्वका धेरै विकसित क्षेत्रहरूको विकासमा योगदान पुर्‍याएको छ। मलाई विश्वास छ कि भारतीयहरूको प्रतिभा र व्यावसायिकताले रूसी सुदूर पूर्वमा द्रुत विकास गर्न सक्छ," प्रधानमन्त्रीले भने। मन्त्री मोदीले भने ।

युक्रेन द्वन्द्व र कोविड महामारीले विश्वव्यापी आपूर्ति शृङ्खलाहरूमा ठूलो प्रभाव पारेको छ, उनले भने, खाद्यान्न, मल र इन्धनको अभाव विकासोन्मुख देशहरूका लागि प्रमुख चिन्ताको विषय हो।

"युक्रेन द्वन्द्व सुरु भएदेखि हामीले कूटनीति र वार्ताको बाटो लिनुपर्ने आवश्यकतामा जोड दिएका छौं। हामी यो द्वन्द्व अन्त्य गर्ने सबै शान्तिपूर्ण प्रयासहरूलाई समर्थन गर्छौं। यस सन्दर्भमा, हामी खाद्यान्न र सुरक्षित निर्यात सम्बन्धी हालै भएको सम्झौताको पनि स्वागत गर्दछौं। मल, "प्रधानमन्त्री मोदीले औंल्याए।

उनले कनेक्टिभिटीको महत्त्वपूर्ण भूमिकालाई हाइलाइट गर्न अवसरको सदुपयोग गरे।

"हामी अन्तर्राष्ट्रिय उत्तर-दक्षिण कोरिडोर, चेन्नई-भ्लादिभोस्टोक समुद्री कोरिडोर वा उत्तरी समुद्री मार्गको बारेमा कुरा गरौं, कनेक्टिभिटीले भविष्यमा हाम्रो सम्बन्धको विकासमा महत्त्वपूर्ण भूमिका खेल्नेछ," उनले भने।

प्रधानमन्त्री मोदीले यो महिना भ्लादिभोस्तोकमा भारतीय वाणिज्य दूतावासको स्थापनाको ३०औं वार्षिकोत्सव मनाउने कुरा औंल्याए। "यो सहरमा वाणिज्य दूतावास खोल्ने पहिलो देश भारत थियो। र त्यसबेलादेखि यो शहर हाम्रो सम्बन्धको धेरै कोशेढुङ्गाहरूको साक्षी बनेको छ," उनले भने।

*- इण्डिया न्यूज नेटवर्क*

# 'भारत र बंगलादेशबीच बृहत् व्यापार सम्झौतामा छिट्टै वार्ता सुरु हुन्छ'



बंगलादेश यस क्षेत्रमा भारतको सबैभन्दा ठूलो व्यापार साझेदार भएको कुरा औंल्याउदै प्रधानमन्त्री नरेन्द्र मोदीले मंगलबार बृहत् आर्थिक साझेदारी सम्झौतामा वार्ता सुरु हुने बताएका छन्। बंगलादेशका प्रधानमन्त्री शेख हसिनासँग नयाँ दिल्लीमा द्विपक्षीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय मुद्दाहरूमा व्यापक छलफल गर्दा उनले बंगलादेशको निर्यातका लागि एसियाको सबैभन्दा ठूलो बजार भारत भएको बताए। वार्ताका क्रममा दुई नेताले आतंकवाद र कट्टरपन्थीविरुद्धको सहकार्यमा पनि जोड दिएका थिए । बंगलादेशी समकक्षीसँगको संयुक्त पत्रकार सम्मेलनमा प्रधानमन्त्री मोदीले भने, 'सन् १९७१ को भावनालाई जीवित राख्नका लागि हाम्रो आपसी विश्वासमा आक्रमण गर्न खोज्ने त्यस्ता शक्तिहरूसँग मिलेर लड्नु पनि धेरै महत्त्वपूर्ण छ।

"हामी दुबै विश्वास गर्छौं कि कोभिड महामारी र हालैका विश्वव्यापी घटनाक्रमबाट पाठ लिएर हामीले हाम्रो अर्थतन्त्रलाई बलियो बनाउन आवश्यक छ," प्रधानमन्त्री मोदीले भने।

भारत र बंगलादेशबीचको सम्पर्क विस्तार र सीमामा व्यापारिक पूर्वाधारको विकाससँगै दुई देशको अर्थतन्त्र एकअर्कासँग थप जोडिन सक्ने प्रधानमन्त्री मोदीले बताए ।

"हाम्रो द्विपक्षीय व्यापार द्रुत गतिमा बढिरहेको छ। आज, बंगलादेशको निर्यातको लागि भारत एशियाको सबैभन्दा ठूलो बजार हो। यो वृद्धिलाई थप गति दिन हामी छिट्टै द्विपक्षीय व्यापक आर्थिक साझेदारी सम्झौतामा छलफल सुरु गर्नेछौं," उनले भने।

भारत-बंगलादेश मित्रता आगामी २५ वर्षमा नयाँ उचाइमा पुग्ने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री मोदीले दुई पक्षले हाम्रा युवा पुस्ताका लागि चासोको विषय रहेको सूचना प्रविधि, अन्तरिक्ष र आणविक ऊर्जा जस्ता क्षेत्रमा सहयोग बढाउने निर्णय गरेको बताए।

"हामीले जलवायु परिवर्तन र सुन्दरवनजस्ता साझा सम्पदाको संरक्षणमा पनि सहकार्य जारी राख्नेछौं," उनले भने। भारत, बंगलादेशले ७ सम्झौतामा हस्ताक्षर गर्यो मंगलबार, भारत र बंगलादेशले पानी बाँडफाँड, रेलवे, अन्तरिक्ष, विज्ञान, न्यायपालिका र प्रसारण सम्बन्धी सातवटा समझदारी (एमओयू) मा हस्ताक्षर गरे। प्रधानमन्त्री मोदीले कुशियारा नदीको पानी बाँडफाँड गर्ने सम्झौतालाई "महत्वपूर्ण" भनेर वर्णन गरे, प्रधानमन्त्री मोदीले यसले भारतको दक्षिणी असम र बंगलादेशको सिल्हेट क्षेत्रलाई फाइदा पुग्ने बताए। उनले भारत-बंगलादेश सीमाना भएर बग्ने ५४ वटा नदीहरु शताब्दीयौंदेखि दुई देशका जनताको जीविकोपार्जनमा जोडिएको बताए ।

दुवै नेताले संयुक्त रुपमा मैत्री सुपर थर्मल पावर प्रोजेक्टको युनिट-१ को अनावरण पनि गरेका छन् । भारतको सहुलियतपूर्ण वित्तिय योजना अन्तर्गत निर्माण हुन लागेको यो आयोजनाले बंगलादेशको राष्ट्रिय ग्रिडमा १३२० मेगावाट थप्नेछ ।

सबै विकासोन्मुख देशहरूमा ऊर्जाको मूल्य वृद्धिले खडा गरेको चुनौतीलाई ध्यानमा राख्दै प्रधानमन्त्री मोदीले यसले बंगलादेशमा किफायती बिजुलीको उपलब्धता बढाउने बताए।

*- इण्डिया न्यूज नेटवक*

# सुरक्षा सुनिश्चित गर्न 'कडा आपसी संयम' को लागी आह्वान

भारतले आणविक सुविधा र युक्रेनको जापोरिज्जिया आणविक पावर प्लान्टमा काम गर्ने कर्मचारीहरूको सुरक्षा र सुरक्षा सुनिश्चित गर्न "कडा आपसी संयम" को लागी आह्वान दोहोर्‍याएको छ।

प्लान्ट नजिकैका क्षेत्रहरू, जुन रूसी सेनाले कब्जा गरेको छ, यद्यपि यो अझै युक्रेनी कर्मचारीहरूले सञ्चालन गरिरहेको छ, हालैका हप्ताहरूमा गोलाबारी देखेको छ। यसले युरोपको सबैभन्दा ठूलो आणविक ऊर्जा प्लान्टमा सम्भावित "विपत्ति" को चेतावनी दिएको छ।

अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी ( आईएईए) टोलीले प्लान्टको भ्रमण गरेपछि युक्रेनका बारेमा संयुक्त राष्ट्र सुरक्षा परिषद्को ब्रीफिङमा बोल्दै, संयुक्त राष्ट्रका लागि भारतका स्थायी प्रतिनिधि रुचिरा कम्बोजले युक्रेनमा आणविक केन्द्रहरूको सुरक्षा र सुरक्षा सुनिश्चित गर्नलाई भारतले उच्च महत्त्व दिएको बताइन्। आणविक सुविधाहरू समावेश कुनै पनि दुर्घटना सम्भावित सार्वजनिक स्वास्थ्य र वातावरणमा गम्भीर परिणाम हुन सक्छ।

"यस सन्दर्भमा, हामी अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी टोलीको भर्खरको भ्रमणको सराहना गर्छौं र युक्रेनको आणविक उर्जा रिएक्टर र सुविधाहरूको सुरक्षा र सुरक्षा सम्बन्धी घटनाक्रमहरूलाई ध्यानपूर्वक अनुसरण गर्न जारी राख्छौं। हामीले जस्ता प्रोटोपोर्फिरिन मा अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी को निरन्तर उपस्थिति रहने कुरा नोट गरेका छौं," कम्बोज। आफ्नो टिप्पणीमा भने।

उनले थपिन् कि भारतले प्रभावकारी, गैर-भेदभावरहित र प्रभावकारी रूपमा आफ्नो विधान अनुसार आफ्नो सुरक्षा र अनुगमन गतिविधिहरूको अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी द्वारा निष्कासनलाई उच्च प्राथमिकता दिन्छ।

कम्बोजले युक्रेनको अवस्थालाई लिएर भारत चिन्तित रहेको बताउँदै भने ।

"द्वन्द्व सुरु भएदेखि, भारतले लगातार शत्रुताको अन्त्य र हिंसा अन्त्य गर्न आह्वान गर्दै आएको छ। हामीले दुवै पक्षलाई कूटनीति र वार्ताको बाटोमा फर्कन आह्वान गरेका छौं। हामी द्वन्द्व अन्त्य गर्न सबै कूटनीतिक प्रयासहरूलाई समर्थन गर्दछौं, "उनले औंल्याइन्।

भारतले युक्रेनबाट कालो सागर हुँदै अन्नको निर्यात खोल्न र रूसी खाद्यान्न र मलको निर्यातमा सहजीकरण गर्ने महासचिव समर्थित पहललाई पनि स्वागत गरेको छ। कम्बोजले भने, "यी प्रयासहरूले मतभेदलाई दिगो वार्ता र कूटनीतिबाट समाधान गर्न सकिन्छ भन्ने देखाउँछ, जुन भारतको निरन्तर अडान रहेको छ," कम्बोजले भने। *- इण्डिया न्यूज नेटवक*

# मुस्लिम आयोगका अध्यक्ष विरुद्ध कार्यालय अगाडि नै प्रदर्शन




काठमाडौं । मुस्लिम आयोगका अध्यक्ष समीम मियाँले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भीआईपी कक्ष दुरुपयोग गरेर ठगी मुद्दाका आरोपीलाई भगाएको आरोप लागेपछि आइतबार आयोगको कार्यालय अगाडि विरोध प्रदर्शन भएको छ ।

अपराध गर्ने व्यक्तिको संरक्षण गर्ने र प्रहरीबाट फुत्काउन प्रपन्च गर्ने पनि अपराधि भएको भन्दै आयोगका अध्यक्ष मियाँको विरोधमा राष्ट्रिय एकता अभियानले प्रदर्शन गरेको हो । प्रदर्शनको नेतृत्व अभियानका संयोजक विनय यादबले गरेका थिए ।

अध्यक्ष मियाँले ठगी आरोपका अभियुक्त सुनसरीका ३० वर्षीय रिजवान आलमलाई शुक्रबार विमानस्थलबाट भगाएको आरोप लागेको छ ।

प्रदर्शनकारीहरुले 'जेहादी प्रबर्द्धक मुस्लिम आयोग खारेज गर, अपराधी भगाउने समीम मियालाई कारवाही गर, नेपाललाई जेहादी आश्रय केन्द्र बनाउन पाईदैन, इस्लामिक अतिवाद मुर्दावाद, एयरपोर्टको सुरक्षामा खलल पुर्याउने समीम मियालाई कार्यवाही गर' लगायतका नारा लगाएका थिए ।

रिजवान भीआईपी कक्ष प्रयोग गरेर अध्यक्ष मियाँकै गाडीमार्फत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भागेका थिए ।

मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीको निमन्त्रणामा नेपाल आएका अरब संसद्का उपाध्यक्ष मोहमद अहमद अल्माहीसँगको टोलीमा आलम पनि सहभागी थिए।

रिजवान मुस्लिम आयोगका अध्यक्ष मियाँको गाडी चढेर विमानस्थलबाट निस्किसकेपछि मात्रै प्रहरीले उनको बारेमा जानकारी पाएको थियो। त्यसपछि सोही दिन राती ९ बजे प्रहरीले उनलाई होटल मेरियटबाट पक्राउ गरेको थियो। तर अध्यक्ष अन्सारीले भने रिजवानको उपस्थिति अनपेक्षित रहेको र भगाउनुपर्ने गरी चिनजान समेत नरहेको दाबी गरेका छन्।

रिजवानमाथि पाइलट पढाइदिने भन्दै एक करोड रुपैयाँ बढी ठगी गरेको अभियोग छ । दाउद हुसेनले उनीसहित ११ जनाविरुद्ध प्रहरीमा किटानी जाहेरी दिएका थिए ।

हुसेनको जाहेरीका आधारमा उनीहरुलाई पक्राउ गर्न भन्दै जिल्ला प्रहरी परिसर काठमाडौंले २७ फागुन २०७८ मा जिल्ला अदालत काठमाडौंबाट पक्राउ अनुमति मागेको थियो । तर दुबईमा बस्दै आएका आलम नभेटिएपछि प्रहरीले फरार प्रतिवादी बनाएर मुद्दा अघि बढाएको थियो ।

## जिल्ला समाचार

### धनुषा २ मा पूर्वमन्त्री अरगरिया सिफारिस

जनकपुरधाम । आगामी मंसिर ४ मा हुने आम निर्वाचनका लागि धनुषा क्षेत्र नम्बर २ बाट लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का प्रमुख सचेतक तथा पूर्वमन्त्री उमाशंकर अरगरिया उम्मेदवार सिफारिस भएका छन् । लोसपा धनुषा क्षेत्र नं. २ को क्षेत्रीय समितिको बैठकले प्रतिनिधिसभा सदस्यका लागि अरगरियाको एकल नाम सिफारिस गरेको हो । ०७४ मा अरगरिया झण्डै १४ हजार मतान्तरले निर्वाचित संघीय सांसद हुन् । तत्कालीन संघीय समाजवादी फोरमको तर्फबाट ३२ हजार ४४ मत ल्याएर विजयी हुँदा नेकपा एमालेसँग गठबन्धन गरेका नेकपा माओवादी केन्द्रका रामचन्द्र झा मात्र १८ हजार ७१५ मत पाएका थिए । काँग्रेसका उम्मेदवार रामकृष्ण यादव १५ हजार ४४२ मत ल्याएका थिए । अहिले झा नेकपा एकिकृत समाजवादीमा छन् । र उनी पनि उम्मेदवारी दिने तयारी गरिरहेका छन् । त्यस्तै काँग्रेसबाट यो पटक पनि यादव नै उम्मेदवार सिफारिस भएका हुन् । जसपाले उपेन्द्र यादवलगायतका नेतालाई उम्मेदवार सिफारिस गरेको छ । नेकपा एमालेबाट अहिलेसम्म उम्मेदवार सिफारिस भएको छैन । यो क्षेत्रमा सत्ता गठबन्धनमा आवद्ध दलमध्ये कुनै एकले मात्र उम्मेदवारी दिए पनि लोसपाका अरगरियालाई हराउन चुनौती देखिएको छ । पटक पटक सांसद बनेकाहरुको तुलनामा अरगरियाले यस क्षेत्रमा बढी विकास गरेकाले मजबुत पक्कड बनाएको स्थानीय बताउँछन् ।

### सिराहामा एमालेले टुंग्यायो उम्मेदवार

सिराहा । एमालेले प्रतिनिधि सभा तथा प्रदेश सभाका लागि सिराहाका चारवटै क्षेत्रको उम्मेदवार टुंगो लगाएको छ । सिरहा क्षेत्र नम्बर ३ बाट पोलिटव्यूरो सदस्य तथा मधेश प्रदेश सहइन्चार्ज लिलानाथ श्रेष्ठ सर्वसम्मत सिफारिस भएका छन् । निर्वाचन समन्वय कमिटी तथा प्रदेश सभा समन्वय कमिटी क्षेत्र नम्वर ३ को बैठकले पूर्वमन्त्रीसमेत रहेका श्रेष्ठको नाम प्रतिनिधिसभाका लागि सर्वसम्मत सिफारिस भएको प्रदेश कमिटी अध्यक्ष दिपेन्द्र यादवले जानकारी दिए । क्षेत्र नम्वर ३ को प्रदेश 'क' बाट रामअवतार महतोको एकल नाम सिफरिस गरिएको छ । 'ख' तर्फ तीन-चार जनाको नाम आएकाले समय लाग्ने यादवले बताए । निर्वाचन समन्वय कमिटी तथा प्रदेश सभा समन्वय कमिटी क्षेत्र नम्वर ४ को बैठकले प्रतिनिधिसभाका लागि दुईजनाको नाम सिफारिस गरेको छ । प्रदेश सभाका लागि 'क' बाट पाँच र 'ख' बाट तीनजनाको नाम सिफारिस भएको छ । प्रतिनिधिसभाका लागि इन्द्रेश राउत र अमरनाथ यादवको नाम सिफारिस भएको छ । प्रदेशतर्फ 'क' पवनकुमार महतो, पुलन महतो, प्रकाश महासेठ, जागेश्वर साह र विमल यादवको नाम सिफारिस भएको छ । प्रदेश 'ख'को लागि जगतरैन देवी साह, विल्टु साह र विजयनन्द महतोको नाम सिफारिस भएको छ । सिरहा क्षेत्र नम्बर १ बाट रामशंकर यादवको नाम सिफरिस भएको छ । प्रमेश 'क'बाट राजेन्द्रप्रसाद चौधरी, यमुना खनाल, रामनारायण महतो, इन्द्रनारायण चौधरी र प्रदीपकुमार चौधरी नाम सिफारिस गरिएको छ । क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभाका लागि नरेन्द्रराज पोखरेलको नाम सिफरिस गरिएको छ ।

### सुदूरपश्चिममा मनाइयो गौरा पर्व

कैलाली । सुदूरपश्चिम प्रदेशमा गौरा पर्व मनाइएको छ । सुदूरपश्चिम प्रदेश सरकारले गौरापर्वका अवसरमा सार्वजनिक बिदा दिएको छ । मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले सुदूरपश्चिम प्रदेशभरिका सरकारी तथा सार्वजनिक निकायमा बिदा दिने निर्णय गरेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका प्रवक्ता विष्णुदत्त अवस्थीले जानकारी दिए । प्रदेश सरकारले गौरापर्वका अवसरमा दिइँदै आएको बिदा कटौती गरेको भन्दै विभिन्न संघसंस्था र राजनीतिक दलहरूले विज्ञप्ति जारी गरी आलोचना गरेपछि प्रदेश सरकारको मन्त्रिपरिषद्को बैठकले बिदा दिने निर्णय गरेको हो । यसैबीच कञ्चनपुरका नौवटै स्थानीय तहले सुदूरपश्चिमको महत्वपूर्ण पर्व गौरामा स्थानीय बिदा दिने निर्णय गरेका थिए ।

### गिद्ध संरक्षण सचेतना दिवस मनाइयो

मणि प्रसाद गैह्रे, कपिलवस्तु । १४औं अन्तर्राष्ट्रिय गिद्ध संरक्षण सचेतना दिवस विभिन्न जिल्लाहरुमा मनाइएको छ । प्रकृतिको कुचिकारको रुपमा रहेको गिद्धहरु नेपालमा लोप हुन लागेपछि अहिले भेटेरिनरी प्राविधिक र पक्षि संरक्षण संघले विभिन्न कार्यक्रमहरु गरि यसको सरक्षणमा लागेका छन् । पशु उपचरमा डाइकलोफनेक प्रयोग बन्द गरौ, लोपोन्मुख गिद्ध संरक्षणमा सहयोग गरौ भन्ने नाराका साथ कपिलवस्तुमा पनि गिद्ध संरक्षण तथा सचेतना दिवस मनाइएको हो । पशुहरुको उचारमा प्रयोग हुने डाइक्लोफेनक औषधीको प्रयोगबाट उक्त पशुको मासु गिद्धले खाएपछि गिद्धको मुगौलामा असर परि गिद्ध मर्ने हुन्छ । यस्तो औषधी सरकारले प्रयोगमा रोक लगाएपनि लुकिछिपी प्रयोग गर्दा यस्तो समस्या पर्ने गरेको नेभ्लाका केन्द्रिय सदस्य नारायण भट्टराईले बताए । यसका साथै गिद्ध वस्ने सिमलका रुखहरु नहुंनु अग्ला अग्ला रुखहरु नष्ट हुनु, गिद्धको लागि आहारा नहुंनु जस्ता समस्याले गिद्धहरु लोप हुने गरेको अध्ययनले देखाएको छ । नेपाल पाराभेटेरिनरी एण्ड लाइभस्टक एसोसियसन कपिलवस्तुले राजापानी सामुदायिक वनमा सचेतना कार्यक्रम सम्पन्न गरेको छ । एसोसियनका जिल्ला अध्यक्ष पर्मेश्वर यादवको अध्यक्षता , उपाध्यक्ष सुदिप भुषालको स्वागत र सचिव जिवन केसीको संचालनमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

### १० करोडको विदेशी चुरोट नष्ट

वीरगञ्ज । नेपालमा विक्री गर्न प्रतिबन्धित झण्डै १० करोड भन्दा बढीको विदेशी चुरोट सुख्खा बन्दरगाह कार्यालयले जलाएर नष्ट गरेको छ । गत असार १३ गते दुबईबाट मुङको दाल बोकेर आएको कन्टेनरबाट बरामद भएको ४ सय कार्टुनमा रहेको ५८ लाख ३८ हजार ४ सय खिल्ली चुरोट जलाइएको हो । काठमाडौं टोखास्थित कालिका इन्टरप्राइजेजले आयात गरेको उक्त कन्टेनर जाँचपासका लागि भन्सार प्रज्ञापन पत्रमा मुङ दाल घोषणा गरेको थियो । कन्टेनरको अगाडिपट्टि मुङको दाल र पछाडिपट्टि कन्टेनरबाट गुडाङ गरम र मोन्ड भेरियन्स ब्रान्डको चुरोट करिब ४ सय कार्टुनमा राखिएको फेला परेको थियो । त्यसबेला मुचुल्का उठाएर तत्काल कन्टेनर सिल गरिएको थियो । सुख्खा बन्दरगाह भन्सार कार्यालयका सूचना अधिकृत सन्तोष न्यौपानले नेपालको कानुनअनुसार बिक्री गर्न नमिल्ने भएकाले विदेशी चुरोट नष्ट गरिएको बताएका थिए । भन्सार कार्यालयका कर्मचारी, जिल्ला प्रशासन कार्यालय पर्साका प्रतिनिधि र सशस्त्र प्रहरीको रोहवरमा चुरोट नष्ट गरिएको हो । आयातकर्तालाई भन्सार कार्यालयले पत्राचार गरे पनि हालसम्म सम्पर्कविहीन रहेका छन् ।

### निजामती सेवा दिवसमा वृक्षरोपण तथा सरसफाई

विराटनगर । निजामती सेवा दिवसको अवसर विराटनगरमा वृक्षारोपण तथा सरसफाई गरिएको छ । विराटनगर-इटहरी सिक्सलेन सडक अन्तर्गतको मुख्यमन्त्री कार्यालयदेखि रोडशेष चोकसम्मको सडकको वृक्षारोपण गरिएको हो । सडकको बीच लेनमा ओलेएरी, म्यांगोस्टेन तथा कपुर लगायत विभिन्न जातका अढाई सय बिरुवा वृक्षारोपण गरिएको हो । उक्त सडकमा प्रदेश नं. १ का प्रमुख सचिव विनोद प्रकाश सिंह, मोरङका प्रमुख जिल्ला अधिकारी काशिराज दाहाल लगायत सरकारी कार्यालयका प्रमुख तथा कर्मचारीहरूले वृक्षारोपण गरेका थिए । यसैगरी दिवसको अवसरमा सरकारी कार्यालय तथा चोक तथा सडकहरूमा सरसफाइ समेत गरिएको छ । मोरङका प्रमुख जिल्ला अधिकारी दाहालले कर्मचारीहरूले सेवाग्राहीको मन जित्नेगरि छिटो छरितो एवं पारदर्शी रुपमा सेवा प्रदान गर्नुपर्नेमा जोड दिए । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनको आयोजनामा कार्यक्रम भएको हो ।

### ओरेक अनुसन्धानको नतिजा सार्वजनिक

रुपन्देही । सार्वजनिक स्थानमा महिला तथा किशोरीमाथि हुने हिंसामा कमी आएको छैन । हिंसारहित जीवनयापन गर्न पाउनु प्रत्येक व्यक्तिको मानवअधिकार भए पनि महिला, किशोरी र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकले हिंसा र विभेद सहनुपरेको महिला पुनःस्थापना केन्द्र (ओरेक)को अनुसन्धानले पुष्टि गरेको छ । सार्वजनिक स्रोतहरूमा महिलाको पहुँच, स्वास्थ्य क्षेत्रमा हुने विभेद र हिंसामा केन्द्रित रहेर ओरेकले नेपालका दाङ, मोरङ र उदयपुरमा अनुसन्धान गरेको थियो । निर्वाचित महिला जनप्रतिनिधिले सार्वजनिक वृत्तमा भोग्नुपर्ने विभेद र लैङ्गिक विभेदको आधारमा हुने हिंसाका कारण महिला तथा किशोरीको सार्वजनिक सेवा र स्वास्थ्यमा पहुँच र सेवा प्रदायक निकाय (सरकारी कार्यालय)मा लैङ्गिकमैत्री सेवाको उपलब्धताबारे खोज गर्ने उद्देश्यले गत सेप्टेम्बरदेखि नोभेम्बरसम्म ती जिल्लामा अनुसन्धान गरिएको थियो । सो अनुसन्धानको नतिजा ओरेकले बुटवलमा एक कार्यक्रम गरी सार्वजनिक गरेको हो । अध्ययनका क्रममा विवाहित सहभागीले आफ्नो यौन र प्रजनन स्वास्थ्यका बारेमा विशेषगरी पुरुष स्वास्थ्यकर्मीसँग कुरा गर्न गाह्रो भएको र महिला स्वास्थ्यकर्मी नहुँदा प्रजनन स्वास्थ्य समस्या लुकाएको बताएका थिए ।

# भारतीय स्थल सेनाध्यक्षद्वारा नेपाली सेनालाई १० वटा गाडी र ४ वटा घोडा हस्तान्तरण





काठमाडौं । भारतले करिब २२ करोड रुपैयाँ बराबरको विभिन्न सैन्य सामाग्री नेपाललाई हस्तान्तरण गरेको छ ।
नेपाल भ्रमणमा रहेका भारतीय स्थल सेनाध्यक्ष मनोज पाण्डेले आज सैनिक मुख्यालय जङ्गी अड्डामा आयोजना गरिएको एक कार्यक्रमबीच ती सैन्य सामाग्री प्रधानसेनापति प्रभुराम शर्मालाई हस्तान्तरण गरेका हुन् ।
'भारतीय स्थल सेनाध्यषले करिब २२ करोड रुपैयाँको सैन्य सामाग्री नेपाली सेनालाई हस्तान्तरण गर्नु भएको छ,' नेपाली सेनाका प्रवक्ता सहायक रथी नारायण सिलवालले बताए ।
प्रवक्ता सिलवालका अनुसार भारतीय स्थल सेनाध्यक्षले आज १० वटा माइन प्रोटेक्टीभ भेइकल (एमपीभी), ४ वटा घोडा, मेडिकल उपकरण र मेन्टीनेन्स स्पेयर्स पार्टस नेपाली सेनालाई हस्तान्तरण गरेका हुन् ।
उपलब्ध गरिएका सैन्य सामाग्रीमा ६० प्रतिशत (१३ करोड २० लाख रुपैयाँ) भारतको अनुदान सहयोगमा प्राप्त भएको हो भने ४० प्रतिशत ( ८ करोड ८० लाख रुपैयाँ) मूल्य नेपाल सरकारले व्यहोरोको छ ।
दुई देशबीचको सुरक्षा संयन्त्रको बैठकमा भएको निर्णय अनुसार ती सामाग्री नेपाललाई भारतले उपलब्ध गरेको हो ।
पाँच दिने नेपाल भ्रमणको सिलसिलामा भारतीय स्थल सेनाध्यक्ष पाण्डे आइतबार काठमाडौं आइपुगेका हुन् ।
यसैगरी, भारतीय सेनाअध्यक्ष जनरल मनोज पाण्डेले नेपाली सेनाको एक टुकडीद्वारा प्रस्तुत सम्मान गारत निरीक्षण गरेका छन् । प्रधानसेनापति प्रभुराम शर्माको औपचारिक निमन्त्रणामा नेपालको पाँच दिवसीय नेपाल भ्रमणमा रहेका सेनाध्यक्ष पाण्डेको सम्मानमा सैनिक मुख्यालय जङ्गी अड्डामा आयोजित समारोहमा सम्मान गारत अर्पण गरिएको हो ।
सो अवसरमा उनले जङ्गी अड्डा मूल भवन परिसरमा वृक्षरोपणसमेत गरे । यसअघि उनले सैनिक मञ्च टुँडिखेलस्थित वीरस्मारकमा पुष्पहार समर्पण गरी श्रद्धाञ्जलि अर्पण गरेका थिए । प्रधानसेनापति शर्मा र उनीबीच भेटवार्ता भएको छ । केही बेरपछि सेनाध्यक्ष पाण्डेले नेपाली सेनालाई सहयोग सामग्री हस्तान्तरण गर्ने कार्यक्रम छ ।
राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रपति भवनमा आज आयोजित विशेष समारोहमा भारतीय सेनाध्यक्ष पाण्डेलाई नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गर्ने छिन् । राष्ट्रपति भण्डारी नेपाली सेनाका परमाधिपति हुन् । सेनाध्यक्ष पाण्डे नेपाल भ्रमणका लागि आइतबार आएका हुन् ।

# सय दिनको अवधिमा आशा जगाउने काम सुरु गरेको छु : प्रमुख साह



काठमाडौं । काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहले आफ्नो विगत एक सय दिनको अवधिमा नागरिकलाई आशा जगाउने कामको सुरुवात गरेको बताएका छन ।
महानगर प्रमुखको कार्यभार सम्हालेको एक सय दिन पुगेको स्मरण गर्दै आज प्रमुख साहले आफ्नो विगत सय दिनको कार्यकाल कस्तो रह्यो भन्ने बारेमा आफैंले मूल्याङ्कन गर्नेभन्दा पनि आम मानिसले कसरी हेर्नु भयो भन्ने बढी अर्थपूर्ण हुने बताएका हुन् । अहिले सय दिनको दौडानमा रहे पनि आफूसँग पाँच वर्षका लागि योजना रहेको बताउँदै उनले अझै केही समय गाली र आलोचना मात्रै सहन तयार हेको भन्दै हतार गरेर महानगरका समस्याको दीगो समाधान र व्यवस्थापनको बाटोबाट अन्यत्र मोडिन तयार नरहेको सुनाए ।
अवैध संरचना हटाउने कामका कामपा निरन्तर लागिरहेको स्मरण गर्दै प्रमुख साहले भने, "जुन प्रयोजनका लागि उपयोग गर्ने निर्माण भएको छ त्यहीँ रुपमा प्रयोग हुनुपर्छ, हामीले चाहेको यति मात्रै हो, कुनै पनि सर्तमा यो नियम लागू गर्न हामी पछि हट्ने छैनौँ, फुटपाथ हटाएको सन्र्दभ वास्तविकतामा उभिएर समाधान खोज्दा जे गर्नु पर्थ्यो, त्यहीँ गर्‍यौँ, फुटपाथको आधारभूत निर्माण नै पैदलयात्रीका लागि हो, सहरको वास्तविक व्यवस्थापनका लागि फुटपाथ खुल्ला हुन पनि जरुरी हुन्छ, महानगरले पहिले फुटपाथका व्यापारीलाई अन्यत्र राखेर खुल्ला गर्ने कोसिस गरेको थियो, जुन पूर्ण रूपमा असफल भयो ।" फुटपाथ हटाएको प्रभाव बानेश्वर तथा असनलगायत क्षेत्रमा सकारात्मक रुपमा देखिन थालेको उनको भनाइ छ । ई-स्पोर्टसका लागि लागि रु एक करोड बजेट छुट्याइएको उनले बताए ।
यमबुद्धको सालिक बनाउने सन्दर्भमा उल्लेख गर्दै उनले भने, "समाजको एउटा पुस्ताको ठूलो सङ्ख्याले आफ्नो भविष्य र कलामा खोजी रहेको कुरालाई स्थापित गराउन बहस र छलफल गराउने विषय पनि सकारात्मक रहेको छ ।" मान्छे एउटै जीवनभित्र फरक फरक भूमिकामा हुने भन्दै उनले आफू सार्वजनिक व्यक्तित्व भएका कारणले समाजमा आफ्ना कार्यले पार्नसक्ने प्रभावका बारेमा भने सजग रहेको पनि बताउनुभयो ।
फोहर व्यवस्थापनको सवालमा आशा गरे जति काम हुन नसके पनि झण्डै दुई दशकदेखि कुहिएर रहेको समस्यालाई सतहमा ल्याउन सफल भएको भन्दै प्रमुख सहाले त्यसबाट वास्तविक समस्याको पहिचान गरी दीगो समाधानका उपाय खोज्न सकिने बताए ।

## आर्थिक समाचार

# हिमाल आरोहणमा नेपाल लाइफको सहकार्य



काठमाडौं । गोर्खाको मध्यम परिवारमा जन्मिएकी पूर्णिमा श्रेष्ठ नेपालको हिमाल पर्वतारोहणमा परिचित नाम हो । उहाँ पेशाले फोटो पत्रकारसमेत हुनुहुन्छ । उहाँले सगरमाथासहित नेपालको ८००० मीटर भन्दा माथि उचाईमा रहेका ७ ओटा हिमालहरु चढि सक्नु भएको छ । अब पूर्णिमा श्रेष्ठ बिना अक्सिजन मनास्लु हिमालको आरोहणमा जादै हुनुहुन्छ । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले पूर्णिमा श्रेष्ठको साहसिक कार्यको कदर गर्दै सहकार्य गर्ने निर्णय गरेको छ । यसै सन्दर्भमा आज कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री प्रवीण रमण पराजुली र पूर्णिमा श्रेष्ठ बीच सम्झौतामा हस्ताक्षर गरियो । कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत श्री प्रवीण रमण पराजुलीले श्रेष्ठको सफल आरोहणको कामना गर्नु भयो र सूश्री पूर्णिमा श्रेष्ठले आफ्नो हिमाल आरोहणमा नेपालकै सर्वाधिक विश्वासिलो जीवन बीमा कम्पनीसँग सहयात्रा गर्न पाएकोमा गर्ववान्वित र हौसला मिलेको वताए ।

# ग्लोबल आइएमईको एटिएम देवीनगरमा

रुपन्देही । ग्लोबल आइएमई बैंक लिमिटेड देवीनगर शाखाले आफ्नो शाखा परिसरमा दोश्रो एटिएम सेवा सञ्चालनमा ल्याएको छ । नयाँ एटिएम सेवा थप भएसँगै ग्लोबल आइएमई बैंकको एटिएम संख्या २७३ पुगेको छ । उक्त एटिएम सेवाको समुद्घाटन बुटवल उपमहानगरपालिका-११ देवीनगरका वडाध्यक्ष रामचन्द्र क्षेत्री तथा बैकका लुम्बिनी प्रदेश प्रमुख रबि श्रेष्ठले संयुक्त रुपमा गरेका छन् । एटिएम सेवा समुद्घाटन गर्दै वडा अध्यक्ष क्षेत्रीले बुटवल उपमहानगरपालिकाकै सबैभन्दा ठूलो वडामा रहेको बैकको एटिएमले सेवाग्राहीलाई धेरै सुविधा पुऱ्याउने बताएका थिए । कार्यक्रममा स्थानीय तथा बैंकका कर्मचारीहरुको ठूलो उपस्थिति रहेको थियो ।

# देशको...

महासचिव तथा राष्ट्रपति पदमा आसिन विद्यादेवी भण्डारीका पति मदनभण्डारीले तत्कालीन राजालाई भनेका थिए "आँखा नझिम्क्याउ महाराज राजनीति गर्ने भए श्रीपेँच फुकालेर आउ" ।

नागरिकताको नाउँमा अहिलेसम्म राजनीति गर्नेहरू जस्तै राष्ट्रपति विद्यादेवी भण्डारीलाई पनि राजनीति गर्ने जोश जाँगर आएर पद त्याग गरी आउन सक्छिन् । एमालेको नेतृत्व सम्हाल्ने छिन् र प्रधानमन्त्रीको दौडका लागि धावन मार्गमा कसरत गर्न थाल्नेछिन् । देउवा सरकारको नेतृत्वमा सरकार बन्न अघिका हरेका चालमा सहयोग पुऱ्याउने गरी राष्ट्रपति भण्डारीले लगाएको गुणको पैँचो तिर्न एमाले अध्यक्ष ओलीले पार्टीमा उनको लागि स्थान बनाउन नसक्ने कुरो राजनीतिमा होइन् ।

राजनीति यस्तो भयो भने दुवै सदनबाट पारित विधेयक त्यसै ओझेलमा पर्ने छ । किनभने मधेश पुगेर माओवादी अध्यक्ष प्रचण्डले भनिआएका छन् यसपटक राष्ट्रपति विरुद्ध कारबाही गर्ने भनेर । तर कसरी ? प्रतिनिधिसभा लम्ब्याउने कसरत गठबन्धनले त्याग गरिसकेको छ । अब ११ दिनको प्रतिनिधिसभा मात्र भनेर समाचारहरू पनि प्रचण्डको बोलीमा आइसके । राष्ट्रपतिलाई तत्काल महाभियोग लगाउने चिन्ता पनि छैन । बिन्दास राष्ट्रपतिले जेपनि गर्ने छिन् । विधेयकमा दस्तखत कि त धावन मार्गको कसरत । नागरिकताका लागि सङ्घर्ष गर्नेहरूको सङ्घर्ष काठमाडौंको सत्ताले सुनेको देखिएन् । स्थिति गम्भीर छ भन्दै आगन्तुकले बोलीलाई विराम दिए ।

युएन चौतारीका सो दिन अध्यक्षता गरिरहेका मुनेसर सदाले भने "मलाई पनि यस्तै लाग्छ । विधेयकमा दस्तखत गरी कानुन बनाउने काम राष्ट्रपतिबाट हुनेमा शंका छ ।"

# गठबन्धनबाट...

अवस्था नभएकाले जसपा बाहिरिने तयारी गरेको स्रोतको दाबी छ ।
कार्यदलमा रहेका जसपाका नेताहरू रामसहाय यादव र रकम चेम्जोङले पनि पार्टीको बटमलाइन सुनाएका छन् । जसपाले मधेशमा एक्लै लड्दा पनि १२ सीट जित्ने भन्दै गठबन्धनमा त्यो भन्दा तल झरेर सीट लिँदा समानुपातिक मत पनि घट्ने र उम्मेदवारका आकांक्षी नेताहरु एमाले तथा अन्य पार्टीमा गएर चुनाव लड्ने खतरा उपेन्द्रले देखेका छन् । उनले स्थानीय चुनावको आँकडा समेत पेस गर्दै मधेसमा आफ्नो पार्टी कांग्रेस एमालेको हाराहारीमा रहेको बताएका छन् ।
जसपाले मधेश प्रदेशमा कम्तिमा १५ सीट दाबी गरेको छ । त्यस्तै प्रदेश १ को मोरङ, सुनसरी र धनकुटामा एक-एक सीट दाबी गरेको छ । वागमतीको काठमाडौंमा एक सीट जसपाको दाबी छ भने लुम्बिनीको पश्चिम नवलपरासी, रुपन्देही, कपिलवस्तु र बाँकेमा एक-एक सीट दाबी गरेको छ ।
यदि सत्ता गठबन्धनबाट बाहिरिएको खण्डमा जसपाले नेकपा एमालेसँग गठबन्धन गर्ने समेत तयारी गरेको बताइएको छ । यसअघि नै जसपा अध्यक्ष उपेन्द्र यादवले एमाले अध्यक्ष ओलीसँग भेटेर यस विषयमा छलफल गरेको समेत स्रोतको दाबी छ ।

# अमरेश...

प्रदेश कार्यसमितिलाई पठाएको छ । युवा नेता गगन थापालाई सर्लाही ४ का जनताले चुनाव लड्न माग गरेका छन् । जनताको माग भएकैले उनको एकल नाम सिफारिस भएको हो,' सिंहले भने ।
सर्लाही ४ मा संघीय सांसद कांग्रेसकै डा.अमरेशकुमार सिंह छन् । तर, उनको नाम सिफारिसमा परेन । केही समयदेखि उनी कांग्रेस जिल्ला कार्यसमितिका सदस्यहरूको सम्पर्कमा समेत छैनन् ।
यस्तै, सर्लाही ४ (क) प्रदेशमा प्रत्यक्षतर्फ वीरेन्द्रकुमार सिंहको नाम सर्वसम्मत सिफारिस भएको छ । सोही क्षेत्रको समानुपातिकमा युवा नेता रघु कार्कीको नाम पनि सिफारिस भएको सिंहले जानकारी दिए । (ख) मा प्रत्यक्षतर्फ अशोककुमार सिंहलगायत चार-पाँचजनाको नाम सिफारिस गरेको छ । कांग्रेस महामन्त्री थापाको निर्वाचन क्षेत्र काठमाडौं ४ हो । सोही निर्वाचन क्षेत्रबाट उनी दुई दुईपटक सांसद भइसकेका छन् । यसअघि कास्की १ क्षेत्रीय समितिले पनि नेता थापाको नाम संघीय सांसदका लागि प्रत्यक्षतर्फ सिफारिस गरेर पठाएको थियो । तर थापाले सो सदासयताका लागि धन्यवाद भनेका थिए ।

# राष्ट्रपतिले...

भने, "कानुनीरुपमा अब प्रमाणीकरण गर्न नसक्ने व्यवस्था छैन, राष्ट्रपतिले प्रमाणीकरण गर्नुको विकल्प छैन ।"उक्त विधेयकमा अङ्गीकृत नागरिकताको विषयमा विवाह गरेर आएका बुहारीलाई नागरिकता दिने समयअवधि नतोकिएको र विवाह गरेर ल्याउने वित्तिकै नागरिकता प्राप्त गर्ने व्यवस्था गरिएको विषयप्रति धेरैको चासो र चिन्ता बढेको हो । नेपालको संविधान २०७२ को धारा ११३ मा विधेयक प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेस गरिने विधेयक उत्पत्ति भएको सदनको सभामुख वा अध्यक्षले प्रमाणित गरी पेस गर्नुपर्नेछ तर अर्थ विधेयकका हकमा अर्थ विधेयक हो भनी सभामुखले प्रमाणित गर्नु पर्नेछ भन्ने व्यवस्था छ ।
त्यस्तै, सोही धाराको उपधारा (२) मा प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेस भएको विधेयक १५ दिनभित्र प्रमाणीकरण गरी त्यसको सूचना यथासम्भव चाँडो दुवै सदनलाई दिनुपर्ने व्यवस्था छ । साथै, सोही धाराको उपधारा (३) प्रमाणीकरणका लागि पेस भएको अर्थ विधेयक बाहेक अन्य विधेयकमा पुनःविचार हुनु आवश्यक छ, भन्ने राष्ट्रपतिलाई लागेमा त्यस्तो विधेयक पेस भएको १५ दिनभित्र निजले सन्देशसहित विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउनेछ ।
उक्त धाराको उपधारा (४) ले राष्ट्रपतिले कुनै विधेयक सन्देशसहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनःविचार गरी त्यस्तो विधेयक प्रस्तुत रूपमा वा संशोधनसहित पारित गरी पुनः पेस गरेमा त्यसरी पेस भएको १५ दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नेछ भनेको छ । उक्त धाराको उपधारा (५) मा राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि विधेयक ऐन भन्ने व्यवस्था रहेको छ ।

# संगठित...

आयोग प्रत्यक्ष रुपमा स्थलगत अनुगमन गरेको बताए । उनले भने, 'नेपालमा १४९ वटा जातजाती र २२ सय थर छन । मधेशमा थरको अधारमा जाति छुट्याइन्छ ।' दलित सरोकार मञ्चले आयोजना गरेको तीन दिने दलित अगुवा सम्मेलनमा आएका दलित अगुवाहरुलाई संगठित भई आन्दोलन गर्नु पर्ने बताए । उनले दलित अगुवाहरु अगाडि बढनुस मधेशी आयोग काधमा काध मिलाएर जाने बताए ।
त्यसैगरी राष्ट्रिय नीति तथा योजना आयोगका सदस्य डा. सुरेन्द्र लाभ कर्णले मधेश समतल भुभाग भएपनि समाजमा प्रवेश गर्दा समाज भित्र ठुलो पहाड र खालडाको अवस्था विधमान रहेको बताएका छन् । त्यो पहाड र खालडाको अर्थ जाति विभेदको रुपमा लिन सकिन्छ । मधेशमा दलित, आदिवासि जनजाती र मुस्लीम समुदायहरु उत्पीडनमा परेकोले नेपालको मानव सुचाङको सुचीमा मधेश प्रदेश सवै भन्द तल रहेको बताए ।


# धुम्रपान नगरौं, स्वस्थ्य जीवन बाँचौं

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालीन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं ।
- धुम्रपानले तपाइँ र परिवार सबैलाई असर पुऱ्याउँछ ।

त्यसैले,
धुम्रपान नगरौं स्वस्थ्य जीवन बाँचौं



नेपाल सरकार
विज्ञापन बोर्ड



# मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं